# परिच्छेद एकः

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

साँच्चै विगतमा नेपाली समाज विज्ञानमा बालबालिकाको स्थान थिएन । हाम्रो प्रारम्भिक संस्कृतिले तिनीहरूलाई कहील्यै सुरक्षा दिएन । धर्म र इतिहासले पनि दिएन । शिक्षामा बालबालिकाहरूको स्थान थिएन । अधिकांश बाबु आमाहरू सन्तान जन्माएपनि तिनीहरूलाई कहाँ, कस्तो र कति सम्म शिक्षा दिनु पर्ला भन्ने विषयमा कुनै चिन्ता लिंदैनथे । उनीहरूलाई सामाजिक संस्कारले त्यो सिकाएन । हजारौं वर्ष देखि ब्राह्मण पुत्रहरूका लागि मात्र गुरुकुलको ढोका खुल्यो । तर अरूको लागि त्यहि पनि थिएन । आधुनिक शिक्षा पद्धति शुरू भए पछि मात्र नेपाली बालबालिकाहरूले शिक्षाको मुख देख्न थालेका हुन् । पाश्चात्य शिक्षा पद्धति शुरू भएको १०० वर्ष पुग्न आँट्यो तर आज पनि विभिन्न जनजातिहरू विभिन्न सांस्कृतिक धार्मिक विश्वास भएका बालबालिकाहरूको निम्ति व्यवस्थित विद्यालयको ढोका खुलेको छैन । खुलेर पनि त्यसलाई सही रूपमा सञ्चालन भएको कमै मात्रामा देखिन्छ । सरकारी पक्षबाट जति जनशक्ति बालबालिकाहरूको लागि खर्चनु पर्ने हो त्यो अवस्था हुन सकिरहेको छैन । शिक्षालाई मन्टेसरी पद्धतिबारे तालिम दिई उपयुक्त ठाउँमा परिचालन गर्नु पर्ने कुरा किटानका साथ औल्याइएको छ । हरेक समुदायमा रहेका पूर्व प्राथमिक तहका बालबालिकाहरूलाई समेट्ने गरी उनीहरूमा रहेका प्रतिभालाई बेलैमा प्रष्फुटन हुने अवसर प्रदान गर्नु पर्दछ । तबमात्र बालबालिकाहरू भविष्यमा सफल हुन सक्दछन् । त्यसैका खाँतिर विगत केही बर्ष यता नेपालमा पूर्व बाल्यावस्थाको बारेमा विश्वविद्यालय स्तरमा पाठ्यक्रम बनेको छ । पठन पाठन भइरहेको छ । यसले स-साना नानीहरूप्रति कस्तो व्यवहार गर्नु पर्दछ ? उनीहरूको शारीरिक, मानसिक अवस्था कस्तो छ ? त्यसबेला सिक्ने र सिकाउने प्रविधि के कस्तो हुन्छ ? उपयुक्त शैक्षिक सामग्री र वातावरण के कस्तो चाहिन्छ ? भनि शैक्षिक समुदायलाई सजग गराउने कार्य हुँदैछ । सो अनुरूप हाम्रो कतिपय ठाउँमा पूर्व बाल्यअवस्थाका शिशु कक्षाहरू सञ्चालित छन् । ती नेपाली संस्कृति र जनजीवनसँग मिल्ने छन् । त्यहाँ खाने, वस्ने, पढ्ने, खेल्ने, सबै तरिकामा नेपाली र पाश्चात्य पन मिसिएको छ ।

बालबालिकाहरूको शारीरिक, मानसिक एवं शैक्षिक सामाजिक, संवेगात्मक विकासका लागि वाल अधिकार सम्बन्धी महासन्धी १९८९ ले विशेष किसिमको हेरचाह, स्वास्थ्य सेवा, खेल, मनोरञ्जन, सन्तुलित भोजन, हिंसा शोषणबाट मुक्त हुनुपर्दछ भन्ने मान्यतालाई अगाडी सारिएको छ । त्यस्तै नेपालको शिक्षा नियमावली २०४९ ले पूर्व प्राथमिक शिक्षाको व्यवस्था शिशु स्याहार केन्द्रको रूपमा, कतिपय ठाउँमा फरक ढङ्गले र प्राय जसो स्थानीय विद्यालयमैं गाभेर सञ्चालन गरेको पाइन्छ । केवल ठूलाठूला झोलाहरू बोकाएर, अप्ठ्यारा पाठहरू घोकाएर, लामो बाटो हिंड्न बाध्य बनाएर, बालबालिकाहरूको कलिलो मानसपटलमा आवश्यकता भन्दा बढी बोझ थपिएको छ । यसको अलवा आन्तिरिक रूपमा लुकेर रहेको प्रतिभालाई शैक्षिक सामग्रीको प्रयोग गरी मनोरञ्जनात्मक किसिमले प्रस्फुटन गराउनु बढी श्रेयस्कर हुन्छ ।  सिकाइलाई सरल, सरस रुचिकर, ज्ञानवर्द्धक, आकर्षक, मनोरञ्जनात्मक तथा प्रभावकारी ढङ्गले शिक्षण गर्ने श्रव्यदृष्य सामग्री एवम् उपकरणलाई शैक्षिक सामग्री भनिन्छ ।

बालबालिकाको विकास आमाको गर्भदेखि नै हुन्छ । बालबालिकाको ० देखि ५ वर्षको अवसरलाई एउटा चुनौति पूर्ण अवस्थाको रूपमा समेत लिइन्छ । यस अवस्थामा यिनीहरूका बृद्धि र विकासका लक्ष्यणहरू प्रशस्त मात्रामा देखापर्ने हुनाले बालबालिकाको सार्वाङ्गीण विकासात्मक पक्षलाई ध्यानमा राख्दै शिक्षा, स्वास्थ्य आदिसँग सम्बन्धित विभिन्न उपयोगी कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । नेपालको विभिन्न समुदायमा रहेका बालबालिकाहरूको हितलाई ध्यानमा राखेर प्रारम्भिक बालविकास शिक्षा सम्बन्धी कार्यक्रमको सञ्चालन आधारभूत तथा प्राथमिक शिक्षा परियोजना पहिलो चरण देखि पाइएता पनि व्यवस्थित रूपमा सञ्चालन भएको चाहीं वि.स. २०५६ सालमा शिक्षा विभागको गठन भएदेखि नै भएको हो । हाल शिक्षा विभागद्वारा सञ्चालित प्रारम्भिक बालविकास शिक्षा कार्यक्रमको मूल उद्देश्य भनेको बालबालिकाको सर्वाङ्गीण विकासका ( शारीरिक, मानसिक तथा संवेगात्मक) साथै प्राथमिक शिक्षाको पूर्व तयारीको रूपमा लिइएको पाइन्छ ।

सन् २००० मा सेनेगलको राजधानी डकारमा भएको 'सबैका लागि शिक्षा' नामक अन्तराष्ट्रिय संमेलनबाट पारित कार्यक्रम अनुसार सबैको लागि शिक्षाको लक्ष्य प्राप्त गर्न श्री ५ को सरकारले सबैका लागि शिक्षा कार्य योजना सन् २००१ देखि २००५ र सबैका लागि शिक्षा सन् २००४ देखि २००९ कार्यक्रम मार्फत सघन प्रारम्भिक बाल सेवा तथा शिक्षाको विस्तार र

सेवामा जोड दिएको छ । डकार सम्मेलनले ० देखि ८ वर्ष उमेर समूहका बालबालिकाको स्वास्थ्य र शिक्षामा ध्यान दिएको भएता पनि नेपालले ३-५ वर्ष उमेर समूहका बालबालिकाका लागि बालविकास कार्यक्रम सञ्चालन गर्दै आएको छ । हाल नेपालमा ३ किसिममबाट बालविकासकेन्द्र सञ्चालन भइराखेका पाइन्छन्, जस्तै : समुदायमा आधारित बालविकास केन्द्र, विद्यालयमा आधारित पूर्व प्राथमिक शिक्षा र अभिभावक शिक्षामा आधारित निजी, सार्वजनिक, सरकारी एवम् गैर सरकारी संघसंथाहरू रहेका छन् ।

नेपालमा प्रारम्भिक बालशिक्षा कार्यक्रमको दुरदृष्टि 'रमाइलो र बालप्रिय' सिकाइ वातावरण तयार गरी हरेक बालबालिकाको आफ्नै अधिकतम क्षमता विकासगर्न पाउने अधिकार छ भन्ने मान्यता भित्र विद्यालय तथा समुदायबाट सेवा सञ्चालन गर्ने राष्ट्रिय नीतिबाट त्यसको सहजीकरण तथा विशेषज्ञहरूबाट पेशागत पृष्टपोषण गर्ने रहेको छ । त्यसका मुख्य उद्देश्यहरू समष्ठिगत दृष्टिकोणले बालबालबालिकाहरूको सर्वाङ्गीण विकास गर्न सरकारी एवम् निजी र समुदायमा आधारित संस्थाहरूको सहकार्यमा बालविकास कार्यक्रमको योजना निर्माण कार्यक्रम तयारी र कार्यान्वयनको व्यवस्था मिलाउने र जोखिममा परेका र सुविधा विहिन बालबालिकाहरूको सेवामा विशेष जोड दिने समुदाय र विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरूको अनुगमन र सुपरिवेक्षण प्राणालीलाई सुदृढीकरण गर्ने ।

नेपाली शिशु को हुन् र कस्ता छन् ? यस प्रश्नको उत्तर दिनु छ भने सर्वप्रथमत उनीहरूका आमाबाबुहरूले आफ्ना शिशुहरूलाई कसरी स्याहार गर्ने गर्दछन् भनेर हेर्नु जरूरी छ । यदि आमाबाबुहरू आफ्ना बच्चाहरूको भविष्य प्रति चनाखो छन् भने उनीहरूले बच्चालाई बाँच्न हुर्कन र विकसित हुन दिनका लागि आवश्यक पर्ने स्याहार सक्दो रूपमा उपलब्ध गराउनु पर्दछ ।

खासगरी निम्न तहका अधिकांश आमाबाबुहरूले बच्चा पहिले बाँच्छन् अनि मात्र हुर्कन्छन् र विकास हुन्छन् भन्ने सोचाइ राख्दछन् । बाँच्ने, हुर्कने र विकास हुने प्रक्रिया क्रमिक रूपमा नभइकन एकैसाथ हुने गर्छ भन्ने सोचाइ राख्दछन् । अर्को शब्दमा भन्ने हो भने शिशु विकास गर्भधारणदेखि शुरू भएर ६ वर्षसम्म हुन्छ । यसका विभिन्न चरणहरू हुन्छन् - जन्मपूर्व अवस्था, जन्म अवस्था, जन्म उत्तर अवस्था अर्थात एक देखि एक महिना सम्मको अवधी पूर्व शिशु

अवस्था ( पहिलो ६ महिनाको अवधि), टुक-टुक हिंड्ने अवस्था र पूर्व विद्यालय अवस्था (३ देखि ५ वर्षको अवधी) ।

नेपाली शिशुहरूको विकास गर्ने हो भने निःसन्देह आमाबाबुहरूले नै पहिलो शिक्षकका रूपमा कार्य गर्नुपर्दछ । समाजले अहिले अपेक्षा गरेका शारीरिक, बौद्धिक र मनोवैज्ञानिक सीपहरू शिशुलाई प्रदान गर्न परिवारलाई पनि सहयोग चाहिने हुन्छ । यसका लागि विद्यालयले पारिवारिक आवश्यकता र द्रुततर सामाजिक परिवर्तनहरूको पहिचान गर्नु पर्दछ । साथै यस कार्यक्रममा चुनौतिहरूको सामना गर्नका लागि आवश्यक पर्ने इच्छा, भावना र सीपहरूको विकास गर्न उदासिन रहेका समुदायलाई पनि परिचालन गरिनु पर्दछ ।

शिशु शिक्षा कर्यक्रमले बच्चाका आधारभूत आवश्यकताहरूको पहिचान गर्ने उद्देश्य राखेको छ। विकासका आधारभूत आवश्यकताहरू भनेको सुरक्षा, आहारा र स्वास्थ्य स्याहार मात्र होइनन् यसमा ममता, अर्न्तक्रिया र उत्प्रेरणा पनि पर्दछन् । बच्चालाई सुरक्षित र मजवुत पार्दै खेल्न दिएर नयाँकुराहरूको अन्वेशण र जानकारी हासिल गर्न दिनु पर्दछ । उपयोगी शैक्षिक सामग्रीहरूको उचित प्रयोगबाट मात्र उनीहरूको चौतफी विकास गर्न सकिन्छ ।

अनुसन्धानबाट के थाहा लागेको छ भने ८३ प्रतिशत सिकाइ कुनै कुरा देख्न पाउने अवसरबाट प्राप्त हुन्छ । त्यसै गरी ११ प्रतिशत सुनेर, ३.५ प्रतिशत संुघेर, १.५ प्रतिशत छोएर, १ प्रतिशत स्वाद लिएर श्रब्यदृष्य सामग्रीको संयुक्त प्रयोग र विद्यार्थीको समेत सहभागिता बढाई शिक्षण सिकाइ हुन्छ, ९ऋयदगल ज्ञढढघ) । शिक्षणको उद्देश्य विद्यार्थीले सिक्नु वा जान्नु भएकोले शैक्षिक सामग्रीको निर्माण, सङ्कलन र प्रयोगमा कन्जुस्याईं गर्नु हुँदैन । शैक्षिक सामग्रीको आवश्यकतालाई फ्रोवेल, कमेनियस, रूसो, पेस्तालोजी जस्ता विद्वानहरूले निकै जोड दिएका छन् । आजको विज्ञान र प्रविधिको विकास भईसकेको विश्वमा शिक्षण सिकाइ कार्यमा बिना शैक्षिक सामग्रीको शिक्षण ‘नुन विनाको अचार’ सावित हुन्छ । यसबाट शैक्षिक सामग्रीको प्रयोग पूर्व प्राथमिक तहका बालबालिकाहरूको लागि अत्यन्त उपयोगी हुने देखिन्छ ।

शैक्षिक सामग्रीको प्रयोगबाट विभिन्न अनुसन्धान कर्ताहरूले अध्ययन गरेता पनि पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रयोग बारे अध्ययन नभएकोले यस तहको अध्ययनलाई नै प्राथमिकता दिई यसै विषयमा शोधपत्र तयार पारिएको छ ।

ू ब एष्अतगचभ ष्क ध्यचतजथ तजबल तभल त्जयगकबलम ध्यचमकू भन्ने चिनिया उखानबाट प्रष्ट हुन्छ कि पूर्व प्राथमिक तहमा शैक्षिक सामग्रीको महत्व कति छ ? बजारमा पाइने महङ्गा शैक्षिक सामग्री भन्दा स्थानीय स्तरमा नै पाइने सस्ता, सजिलै बुझीने, चिन्ने, सजिलै फरक छुट्याउन सकिने साथै ीयलन तभक्त :क्ष्यचथ मा राख्न सकिने च्भर्बा इदवभअतक को प्रयोग बढी प्रभावकारी हुन्छ । प्राथमिक विद्यालयमा प्रवेश गर्नु अघि गराइने शैक्षिक क्रियाकलापलाई प्रारम्भिक बालशिक्षा भनिन्छ । यसलाई अनौपचारिक शिक्षाको रूपमा लिइन्छ । इटालियन नागरिक मारिया मन्टेसरी ९ :बचष्ब :यलतभककयचष, ज्ञडद्धण(ज्ञढछद्द० ले स्थापना गरेको बाल केन्द्रित यो शिक्षा आज संसारभर लोकप्रिय बन्दै गइरहेको छ । नेपालमा पूर्व प्राथमिक शिक्षाको थालनी मन्टेसरी पद्धति अनुसार २००६ सालबाट भएको हो । हाल अंग्रेजी स्कुलहरूमा एबिथ न्चयगउ, लाचभकभचथ, पन र सरकारी विद्यालयहरूमा शिशु कक्षा पूर्व प्राथमिक कक्षा भनि चलाइएको छ । त्यस्तै समुदायमा शिशु स्याहार केन्द्र भनि चलाइएको छ । हाल नेपालमा संस्थागत विद्यालयहरूमा १,५९,२७२ नानीहरू, २,०७८१५ बाबुहरू गरी जम्मा ३,६७,०८७ अध्ययनरत छन् । सामुदायिक विद्यालयहरूमा २,४५,३५९ नानीहरू र २,४८,३१३ बाबुहरू गरी जम्मा ४,९३,६७२ अध्ययनरत छन् । त्यस्तै समुदायमा आधारित शिशु स्याहार केन्द्रहरूमा १०,३६२ नानीहरू र १०,१२६ बाबुहरू गरी जम्मा २०,४८८ अध्ययनरत छन् (शिक्षा विभाग, २०६६) ।

चितवन जिल्लामा हाल सम्म संचालित समुदायमा आधारित शिशु स्याहार केन्द्रहरू ५१ वटा र विद्यालय गाभेर चलाइएका पूर्व प्राथमिक वा शिशु कक्षाहरू ५३० वटा छन् । न्यूनतम बालबालिका संख्या २०-२५ जना हुनु पर्ने रहेको छ भने बाल शिक्षिकाको न्यूनतम शैक्षिक योग्यता कक्षा ८ पास रहेकोमा हाल कक्षा १० उत्तीर्ण कायम गरिएको छ भने पारिश्रमिक मासिक रू १,८००।- दिने व्यस्था छ तर संस्थागत र सामुदायिक विद्यालयमा संचालित शिशु कक्षा/नर्सरी के.जी. कक्षाहरूमा कार्यरत शिक्षिकाहरूलाई भने विद्यालयको आर्थिक क्षमता अनुसार तलव सुविधा दिइएको पाइन्छ ।

शैक्षिक सामग्रीलाई  सिकाइको ऐना मानिन्छ । विनाझन्झट थोरै समयमा धेरै उपलब्धि हासिल गराउन शिक्षिकाहरूले शैक्षिक सामग्रीहरूको प्रयोग गर्नाले बालबालिकाहरूको रुचि र तत्परता अप्रत्यासित रूपमा बढ्दै जाने देखिन्छ । सर्वाङ्गीण विकासका लागि सहयो पुऱ्याउने काम बाल शिक्षाले गर्ने भएकोले यथेष्ट रूपमा शैक्षिक सामग्रीको प्रयोग गराउनु अपरिहार्य ठानिएको छ ।

पूर्वबाल्यावस्थालाई बाबु आमाहरूले समस्यामूलक उमेर, खेलौनाको उमेर, पूर्व विद्यालयको उमेर, रचनात्मक उमेर भनि नामाकरण गरेका छन् । यस उमेर मा :यलतभककयचष वा ष्लमभच(न्बचतभल स्कुल पद्धतिलाई आधार वनाई प्रयाप्त शैक्षिक सामग्रीको प्रयोग गर्नु बालशिक्षाको प्रमुख जग हो । शैक्षिक सामग्री छनौटका विभिन्न आधार एवम् सिद्धान्तहरू छन् जस्तै, तयारी सिद्धान्त, छनौट सिद्धान्त, नियन्त्रण सिद्धान्त, सदुपयोग र प्रस्तुतिको सिद्धान्त, प्रतिक्रिया सिद्धान्त, सदुपयोग र प्रस्ततिको सिद्धान्त, प्रतिक्रिया र मूल्याङ्कनको सिद्धान्त आदि । समग्रमा शैक्षिक सामग्रीलाई ४ भागमा विभाजन गरिएको छ ।

**शैक्षिक सामग्री**

| मुद्रित सामग्री<br>९एचष्लतभम ब्मकo | दृष्य सामग्री<br>९ख्क्कगबा ब्मकo | श्रब्य सामग्री<br>९बामष्य ब्मकo | श्रब्य दृष्य सामग्री<br>९बामष्य ख्क्कगबा ब्मक o |
|---|---|---|---|
| पुस्तक, पत्रिका, शिक्षक निर्देशिका, पाठ्यक्रम, विषय कक्षा नोट, इमेल आदि | नक्सा, ग्लोव, चार्ट, मोडेल, ग्राफ चित्र स्लाइड, फिल्म कालोपाटी, फ्लाटिन बोर्ड आदि | रेडियो, टेपरेकर्डर फोनोग्राफ डिक्स | नाटक, सिनेमा भि.डि.यो, टि.भी. आदि |

स्रोत : श्रेष्ठ २०६२

पूर्व प्राथमिक तहका बालबालिकाहरूलाई मुद्रित र श्रब्य सामग्री भन्दा दृष्य, श्रब्यदृष्य र खेलकूलका शैक्षिक सामग्रीबाट  सिकाइ बढी प्रभावकारी हुने भएकोले मेरो अध्ययन यसैमा केन्द्रित रहेको छ ।

## १.२. समस्याको कथन

पूर्व प्राथमिक शिक्षाका लागि जि.शि.का. मार्फत हरेक वर्ष सरकारले ठूलो धनराशी खर्च गर्ने गर्दछ । विद्यालयले पूर्व प्राथमिक शिक्षामा विभिन्न किसिमका शैक्षिक सामग्री खरिद गरी बालबालिकाहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न प्रयत्न गरेता पनि उनीहरूको चौतर्फी विकास भने सन्तोषजनक पाईंदैन । यसरी सन्तोषजनक उपलब्धि किन हुन सकेन ? शैक्षिक सामग्रीहरूको प्रयोग प्रभावकारी नभएर त होइन ? भनिन्छ हजारौं शब्दहरूको सट्टा एउटै चित्र काफी हुन्छ तर शैक्षिक सामग्रीको कम प्रयोग वा प्रयोगविना बालबालिकाको मनमस्तिष्कमा त्यस विषयवस्तुप्रति कुनै लगाव नहुनु त होइन ? तालिम प्राप्त, योग्य, सक्षम, अनुभवी एवम् असल कलाकारिता युक्त गुण भएका शिक्षकहरूको कमीले त होइन ? विद्यालय व्यवस्थापन समिति एवम् राज्यले शैक्षिक सामग्री जुटाउन एवम् अभाव परिपूर्ति गर्न नसक्नुको कारणले त होइन ? शिक्षक शिक्षिकामा शैक्षिक सामग्री जुटाउने एवम् विद्यार्थी अभिप्रेरित गर्ने जस्ता गुणहरूको कमी हुनु त होइन ? जस्ता पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको अभाव एवम् कम प्रयोगका कारण वास्तवमै शैक्षिक उपलब्धिमा कमी आएको हो भन्न सकिन्छ, सकिंदैन ? यसै विषयवस्तुलाई समेटेर अध्ययनको विषयवस्तु बनाइएको हो ।

यसरी माथि उल्लेखित समस्या समाधानमा राज्य एवम् सम्बन्धित शैक्षिक निकायहरू, शिक्षक, अभिभावक, शिक्षक शिक्षिका, प्र.अ. वि.व्य.स.को कस्तो भूमिका भयो ? ती समस्या समाधान हुन सक्दछन् ? समाधानका उपायहरू के के हुन् ? पूर्व प्राथमिक तहमा आवश्यक सुविधा प्रदान गरेर महिला शिक्षिकाको व्यवस्था गरी शैक्षिक सामग्रीहरू उपलब्ध गराएता पनि बाल बालिका हरूको संख्याको तुलनामा शिक्षिका संख्या कम रहेको, खेलकूद एवम् शैक्षिक सामग्री प्रयाप्त मात्रमा उपलब्ध नभएको, दिउँसोको खाजाको प्रबन्ध नभएको, सम्बन्धित निकायबाट अनुगमन कम भएको, तालिमको व्यवस्था कम भएको, खेल मैदान पिङ, वगैंचा आदिको प्रबन्ध व्यवस्थित नभएको आदि । समस्यालाई मनन गरी "पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभावकारिता" लाई अध्ययनको समस्या समाधानको रुपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

व्यक्तिको व्यवहारमा सकरात्मक परिवर्तन ल्याउनु नै सिकाइ हो । पूर्ववाल्य अवस्थाका बालबालिकाहरू स्वभावैले नयाँ कुराहरू सिक्न बढी जिज्ञासु हुने गर्दछन् । उचित समयमा उनीहरूको सिकाइ प्रतिको जिज्ञासा पूरा गराउँनु शिक्षक र अभिभावकको कर्तव्य हो । बालबालिकाहरूको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकास समयमैं हुन सकेन भने भविष्यमा उनीहरू योग्य एवम् सक्षम नागरिक बन्न सक्दैनन् । यसै कुरालाइ मध्यनजर गरी पूर्व प्राथमिक विद्यालयको उमेर ( ३-५) मा बाल/शिशु स्याहार केन्द्रको व्यवस्था गरी सिकाइप्रति उत्प्रेरणा पैदा गराउने खालका शैक्षिक एवम् खेलकूदका सामग्रीको माध्यमबाट उनीहरूको सिकाइ प्रतिको मनोवल उच्च राख्नु पर्ने हुन्छ ।

शैक्षिक सामग्रीको प्रयोगबाट बालबालिकाहरूले सिकेका कुराहरू उनीहरूको मनमा चिरस्थायी हुन्छ । व्यवहारिक रुपमा परिवर्तन ल्याउनका लागि घोकाउने प्रवृत्ति भन्दा शैक्षिक सामाग्रीहरूको यथोचित रूपमा प्रयोग गर्नाले सिकाइ छिटो, दिगो, आकर्षक, अर्थपूर्ण एवम् रुचिकर हुन्छ भन्ने कुरामा दुई मत छैन भन्ने औचित्यलाई सावित गर्न सम्बन्धित सरोकारवलाहरूले समयमैं बालबालिकाहरूको मनो भावना बुझि सिकाइका लागि अनुकूल वातावरणको व्यवस्था गर्नु पर्दछ । अध्ययनको औचित्यलाई बुंदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) पूर्व प्राथमिक शिक्षामा के कस्ता शैक्षिक सामग्रीहरूको कसरी प्रयोग भएको छन् भन्ने कुराको जानकारी पूर्वप्राथामिक शिक्षकहरूलाई जानकारी गराइ प्रयोग गर्न उत्प्रेरित गर्न सहयोग गर्ने ।

ख) पूर्व प्राथमिक तहका बालबालिकाहरूको लागि मनोरञ्जनात्मक सामग्रीहरूको प्रयोगबाट सिकाइ उपलब्धि अर्थपूर्ण हुने हुँदा प्र.अ. र वि.व्य.स. लाई सहयोग गर्ने ।

ग) संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयहरूमा र समुदायमा सञ्चालित बालविकास केन्द्र/पूर्व प्राथमिक तहमा शैक्षिक सामग्रीको उचित ध्यानाकर्षण गराउन सहयोग गर्ने ।

घ) शैक्षिक सामग्रीको निर्माण र परिचाल गर्नका निमित्त विद्यालय व्यवस्थापन पक्षको भूमिका पत्ता लगाउन सहयोग गर्ने ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका निम्नानुसारका उद्देश्यहरू राखिएका छन् :

क) पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभाव पत्ता लगाउने ।

ख) पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्री प्रयोगका समस्याहरू पहिल्याउने ।

ग) शैक्षिक सामग्रीको प्रयोगबाट सिकाईमा हुने सुधारात्मक उपायको खोजी गर्ने ।

## १.५ अनुसन्धनात्मक प्रश्नहरू

यस अध्ययनका उद्देश्य पूरा गर्नका लागि निम्नानुसारका अनुसन्धनात्मक प्रश्नहरू तयार पारिएका छन् :

क) समाजमा पूर्व प्राथमिक शिक्षाको आवश्यकता र यसको व्यवस्थापनमा कुन कुन पक्षहरू बढी जिम्मेवार छन् ?

ख) पूर्व प्राथमिक शिक्षा र शैक्षिक सामग्री अध्ययनबीच कस्तो सम्बन्ध छ ?

ग) पूर्व प्राथमिक शिक्षिकाको सेवा सुविधा तालिम सम्बन्धी के कस्तो व्यवस्था गरिएको छ ?

घ) पूर्व प्राथमिक कक्षा सञ्चालनका लागि उपयुक्त कक्षा कोठा, खेलमैदान, खानेपानी, वगैंचा, आराम कक्ष (सुत्ने खाट), आदिको प्रबन्ध कस्तो छ ?

ङ) पूर्व प्राथमिक तहमा शैक्षिक उपलब्धि के कस्तो छ ?

च) गुणस्तर बृद्धि गर्न शैक्षिक सामग्रीले कस्तो प्रभाव पारेको छ ?

## १.६ अध्ययनका परिसीमाहरू

यस अध्ययनको क्षेत्र व्यापक र विस्तृत भएता पनि यातायातको सुविधा, समय स्रोतको अभावलाई ध्यानमा राखी निम्न परिसीमाहरू तयार गरिएको छ :

क) यस अध्ययन चितवन जिल्ला रत्ननगर नगरपालिका अन्तर्गतका दुई वटा सामुदायिक विद्यालयहरू पञ्चकन्या उ.मा.वि, जयमंगला र मोहना मा.वि. मोहना, दुईवटा संस्थागत विद्यालयहरू शिक्षा विकास उ.मा.वि. जयमंगला र एकता शिशु निकतन बकुलहरमा सञ्चालित बालकक्षाहरू (शिशु कक्षा) तथा समुदायमा आधारित बालविकास केन्द्रहरू क्रमश :

ज्योतिर्मय बालबिकास केन्द्र र लालपर्सा बालविकास केन्द्रमा गरी ६ वटा संस्थामा यो अध्ययन केन्द्रित गरिएको छ ।

ख) छनौट गरिएका प्रत्येक विद्यालयका प्र.अ. ४, सहयोगी शिक्षिका ६, वि.व्य.स. अध्यक्ष ६, र शिशुका अभिभावकहरू ६ गरी जम्मा २२ जनाबाट तथ्याङ्क संलग्न गरिएको छ ।

ग) शैक्षिक उपलब्धिको जानकारी प्राप्त गर्नको लागि छनौटमा परेका विद्यालयहरूका बालबालिकाहरूको २ वर्षको नतिजाको अध्ययनमा सीमित गरिएको छ ।

# परिच्छेद दुईः

# सम्बन्धित साहित्यको सिंहावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको सिंहावलोकन

कुनै पनि वैचारिक पक्षको अध्ययन र त्यसका आधारमा खाका निर्माण गरेपछि मेरो अनुसन्धानसँग मिल्दाजुल्दा लेखहरू अनुसन्धान प्रतिवेदन तथा शोधपत्रको पुनरावलोकन गरिएको छ ।

सेरिड (२००९) विद्यालय एवम् समुदायमा आधारित पूर्व बाल विकास केन्द्रहरूको छनौट गरी ५ वटा जिल्लाहरूमा शिक्षा विभागद्वारा आयोजित सम्मेलनको हालैको विश्लेषण अनुसार यी केन्द्रहरूमा शैक्षणिक सामग्रीको रूपमा काठका गाडीहरू, मकैका खोयाबाट वनाइएका रंगिन मालाहरू, जनावरहरूको तस्विर, काठका लठ्ठीहरू आदि प्रयोग गर्दै आएका छन् । सहजकर्ताहरू, पूर्व बालविकास केन्द्रले व्यवस्थापन समितिका सदस्यहरू र अभिभावकहरूले निकालेको निचोड अनुसार प्रयाप्त शैक्षिक सामग्रीहरूको अभाव हुनु बाल बालिकाको रचनात्मक क्रियाकलापको सहभागिताको निमित्त एउटा प्रमुख समस्या हो । जब कुनै ठाउँमा शैक्षिक सामग्रीहरूको प्रयोग गरिंदैन, वास्तवमा ती ठाउँहरूमा सहजकर्ताहरूले धेरै समय वौद्धिक सीपहरू प्रयोग गर्ने कार्यमा खर्चनु पर्ने हुन्छ ।

हाडा (२०६०) का अनुसार शिक्षण सिकाइ प्रभावकारी बनाउनमा शैक्षणीक सामग्री तथा तालिमको उपादेयता, गुणात्मक शिक्षाको निम्ति शिक्षकमा सोही अनुरूपको गुण चाहिन्छ र गुणात्मक तालिम नभई आशा गरे अनुरूपका शिक्षकहरू शिक्षा प्रणालीले पाउन सक्दैनन् । हाम्रो मुलुकमा शिक्षक तालिमलाई ठूलो महत्व दिइ यसमा प्रशस्त लगानी गरिएता पनि तालिमबाट सन्तोषजनक किसिमको परिमाण हासिल गर्न सकिएन भन्ने गुनासो सुनिएको छ । तसर्थ सम्बन्धित संस्थाले तालिम प्रभावकारी वनाई यसबाट विद्यालयका कक्षाकोठामा उपयोग गरी बालिकाकालाई नविनतम ज्ञान तथा सीप प्रदान गर्न सकेमा मुलुकले कल्पना गरे अनुरूपको सक्षम जनशक्ति प्राप्त गर्ने आशा गर्न सकिन्छ । तालिम प्राप्त शिक्षकबाटै स्थानीय तथा कम मुल्यका शैक्षिक सामग्रीहरूको अत्यधिक मात्रामा उपयोग हुन सके विश्वका बालबालिकासँग

हाम्रा बालबालिका कुनै पनि क्षेत्रमा प्रतिष्पर्धा गर्न सक्षम हुन्छन् भन्ने विश्वास गर्न सकिन्छ ।

पौडेल (२०५९) का अनुसार शिक्षण कलाको प्रभावकारी तत्व शैक्षिक सामग्रीको प्रदर्शन र यसको उचित प्रयोग हो । शैक्षिक सामग्रीको प्रदर्शन र प्रयोग अनि शिक्षण सिकाइ क्रियाकलाप बीच अन्योन्याश्रीत सम्बन्ध छ । तसर्थ शैक्षिक सामग्रीको प्रयोग उचित समयमा, उचित किसिमले गर्न सकेमा मात्र शिक्षण सिकाइ प्रभावकारी हुने हुनाले यसबाट गुणस्तरीय शिक्षणको अपेक्षा राख्न सकिन्छ । पाठको उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउन शैक्षिक सामग्रीको संकलन, निर्माण प्रयोग आदि सबै पक्षमा कलात्मक एवं मनोवज्ञानिक चिन्तन को उपयोग हुनुपर्दछ । शैक्षिक सामग्रीको निर्माण मूलतः सस्ता, सुलभ र स्थानीय स्रोतबाट प्राप्त हुने वस्तुबाट प्रभावकारी र आकर्षक किसिमले गरिनुपर्दछ ताकि त्यसको प्रयोगबाट शिक्षण प्रभावकारी हुन सकोस् । शैक्षिक सामग्री रमाइलो मात्र नभई बालबालिकामा जिज्ञासा उत्पन्न गराउने र खोजी गर्ने बानी बसाल्ने प्रकृतिको हुनु पर्दछ । शैक्षिक सामग्रीको प्रयोगले बालबालिकाको ध्यानाकर्षण गराउँदछ । प्रस्तुत धारणालाई छर्लङ्ग बनाउँदछ । एउटा उपयुक्त चित्रले हजारौं शब्दको ज्ञान गराईरहेको हुन्छ । कक्षा शिक्षणमा शब्दै शब्दको प्रयोग गरेर मुखैले मात्र शिक्षण गर्दा विषय वस्तुको धारणा स्पष्ट हुन कठिन हुन्छ । प्रस्तुतीकरणमा शब्द मात्रको प्रयोग भन्दा दृश्यात्मक शैक्षिक सामग्रीको प्रयोग बालवालिकाको लागि बढी रुचिकर हुन्छ । शैक्षिक सामग्रीको अभावमा शिक्षकलाई शिक्षण गर्न कठिन हुने मात्र नभई बालबालिकाका लागि सिकाइ अरुचिकर हुन्छ । उपयुक्त बिन्दुमा उपयुक्त शैक्षिक सामग्रीको प्रयोगबाट विषयको धारणा स्पष्ट हुन्छ । उदाहरणको लागि चित्र, नक्सा, चार्ट, नमूनाको अवलोकन र सामाग्री निर्माण कार्यमा विद्यार्थीलाई सहभागी बनाइएमा शिक्षण ज्ञानवर्द्धक र अनुभवप्रदन हुन सक्छ । यसरी समुचित शिक्षण सामग्रीको उचित मात्रमा प्रदर्शन र प्रयोग हुन सके शिक्षण अझै प्रभावकारी हुनुको साथै शिक्षाको राष्ट्रिय उद्देश्यले गुणस्तरीय शिक्षाको जुन अपेक्षा गरेको छ त्यो पूरा हुन सक्छ ।

मालाकार (२०५९) का अनुसार स्थानीय स्रोतबाट शैक्षिक सामग्रीको विकास नामक लेखमा शैक्षिक सामग्रीको माध्यमद्वारा विद्यार्थीहरूले व्यवहारिक शिक्षा हासिल गर्दछन् । राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयनबाट विद्यालयमा विद्यार्थीहरूलाई घोकाउने प्रवृत्ति विस्तारै घट्दै गएको कारणले पनि शैक्षिक सामग्री उपलब्ध गराउन जोड दिइएको हो र यसको प्रयोगबाट

कार्यकलापयुक्त अध्यापन व्यवहारमा आएको छ । सकरात्मक रूपमा शिक्षाको गुणस्तर बृद्धि र निर्माणको लागि शैक्षिक सामग्रीको अत्यन्त ठूलो भूमिका छ । शिक्षाको केन्द्र विन्दु नै विद्यार्थी भएकाले शिक्षकले कक्षामा अनुकुल वातावरण सृजना गरी अध्यापन कार्य सफल पार्न विषय अनुसारका विभिन्न प्रकारका सामग्रीको प्रयोग गर्नु अति आवश्यक छ ।

शैक्षिक सामग्री भन्दा कुनै पनि सामग्रीलाई लिन सकिन्छ, जसको प्रयोगबाट विद्यार्थीले सिकेका कुरा उनीहरूको मनमा चिरस्थायी रहन मद्धत होस्, उनीहरूले सार्थक र व्यवहारिक ज्ञान प्राप्त गरून्, सृजनात्मक प्रतिभाको विकास गर्न सकुन्, विद्यार्थीले सृजनात्मक प्रतिभाको विकास गर्न सकून्, विद्यार्थीले अध्ययन क्रियाकलापमा अभिरुचि बढाई सोच्ने बानी बसाल्नुको साथै पठनपाठनको क्रियाकलापमा शिक्षक र विद्यार्थीहरूको सम्लग्नता बढ्न सकोस् भन्ने धारणाका साथ शैक्षिक सामग्रीको प्रयोगमा जोड दिइएको छ । आर्थिक दृष्टिकोणले पिछडिएको हाम्रो जस्तो विकासोन्मुख राष्ट्रमा शैक्षिक सामग्रीको प्रयोग एक अनावश्यक आर्थिक बोझ हो भन्ने भनाइ पनि कहीं-कहीं सुनिन्छ । हुन पनि यदि विद्यालयहरूमा रहेका शैक्षिक सामग्रीतिर ध्यान दिइयो भने हामीले धेरै जसो सामग्री विदेशी हुनुका साथै खर्चिलो पनि पाउँछौं, जसले गर्दा धेरै कम शिक्षकले मात्र प्रयोगमा ल्याएको पाइन्छ । यसरी शैक्षिक सामग्रीमा क्षमता भन्दा बढी खर्च हुनु र त्यसको प्रयोग पनि कम भइदिनाले राष्ट्रिय शिक्षा पद्धतिको योजनाले राखेको उद्देश्य प्राप्तिमा केही बाधा परेको देखिएको छ । यस समस्यालाई दृष्टिगत गरी विभिन्न शैक्षिक निकायहरूबाट विकल्पहरूको खोजी जारी छ । यो खोजीनीतिको शिलशिलामा शैक्षिक सामग्रीको विकासमा स्थानीय क्षेत्रलाई परिचालन गर्ने प्रयास भइरहेको छ । विदेशी बढी मोल पर्ने, उच्च स्तरका शैक्षिक सामग्रीहरू प्रयोगमा ल्याउनु भन्दा स्थानीय प्रयासबाट निर्मित सुपथ मुल्यको शैक्षिक सामग्रीलाई नै बढी जोड दिइनु पर्ने कुरा सर्वमान्य भइसकेको छ । झन् त्यसमा पनि विद्यार्थी र शिक्षक दुवैको संयुक्त प्रयासबाट योजनाबद्ध ढङ्गले निर्माण गरिएको शैक्षिक सामग्रीको प्रयोगले पठनपाठनलाई बढी प्रभावकारी वनाउँदछ । साथै सुपथ मूल्यमा पाइने स्थानीय सामाग्री, सरल चिरपरिचित हुनका साथै सजिलै पाइने हुनाले यस्ता सामग्रीको सदुपयोगबाट विद्यार्थीहरूमा बढी सकरात्मक प्रभाव पर्दछ ।

पन्त, (२०६५) का अनुसार प्रारम्भिक बालविकास शिक्षामा कार्यमूलक अनुसन्धान (पेज ९) एउटा सहजकर्ता वा शिक्षक/शिक्षिकाले क्लिप चार्ट वा कक्षाकोठाको बोर्डमा खोजका लागि

उपयुक्त हुने विस्तृत क्षेत्रको लामो सूची तयार गर्नुपर्दछ । बालबालिकासँग सम्बन्धित विभिन्न विस्तृत क्षेत्रहरूमा बालविकासको उद्देश्य, बाल विकास केन्द्रको स्थापना, बालविकास केन्द्र सञ्चालक समिति, सरोकारवोला, स्रोत सञ्चालन बालविास केन्द्र सञ्चालन गर्न आवश्यक पूर्वाधार, बालविकास केन्द्रको लागि सहयोगी कार्यकर्ताको छनौट एवम् तालिम, विकास कार्यक्रमको प्रभाव, असर एवम् चुनौतिहरू सम्बन्धी जागरण अभियान आदिलाई लिन सकिन्छ । यिनै क्षेत्रहरूमा आधारित भएर अनुसन्धानलाई दिग्दर्शन गर्न सक्ने प्रश्नहरूको सूचि तयार गर्नुपर्दछ । सम्बन्धित विषयलाई ओगट्ने प्रशस्त प्रश्नहरू तयार भएपछि यिनै प्रश्नको आधारमा आफूले गरेका अपेक्षाहरूलाई युक्तिका रूपमा लेख्ने र लेख्न लगाउने गर्नुपर्दछ । उदाहरणकालागि अनुसन्धानकर्ता वा सहयोगी कार्यकर्ताले निम्न रूपमा प्रश्नतर्फ लक्षित युक्तिहरू लेख्नुपर्दछ :

क) म बालविकास केन्द्र सञ्चालन गर्नमा आइपरेका चुनौतीहरू पहिचान गर्न चाहान्छु ।

ख) सहयोगी कार्यकर्ताको रूपमा म आफ्नो क्षमता अभिबृद्धि गर्न चाहान्छु ।

ग) तत्कालका लागि म आफ्ना सहयोगी विद्यार्थीलाई बढी भन्दा बढी मनोरञ्जनपूर्ण क्रियाकलापहरूको पहिचान गर्न चाहान्छु ।

घ) म स्थानीय समुदाय र अभिभावकहरूलाई बालविकास केन्द्र सञ्चालन बारे उत्सुक र जागरूक बनाउन चाहान्छु ।

ङ) केही व्यक्तिहरू बालविकास केन्द्रमा प्रयाप्त सुविधा नभएकोमा असन्तुष्ट छन् ।

च) स्थानीय समुदाय बालविकास केन्द्रको स्थापना एवम् महत्व बारे अनभिज्ञ छ ।

वाग्ले, र ढकाल, प्रसाद (२०६१) बालबालिकाको जन्म पश्चात २ वर्ष देखि ६ वर्षसम्मको उमेरको अवस्थालाई पर्ववाल्यअवस्था/प्रारम्भिक बाल्यअवस्था भनिन्छ । सामान्यतया पूर्ववाल्यावस्थाको उमेर अवधि भने ३-५ वर्षको मानिन्छ । तसर्थ यस समूहका बालबालिकालाई लक्षित गरी सञ्चालन हुने शैक्षिक कार्यक्रमलाई पूर्व प्राथमिक शिक्षा भनिन्छ । कसैले पूर्व प्राथमिक शिक्षा भनेको खेल भन्ने गरेको पाइन्छ भने अर्काथरी ले पूर्व प्राथमिक शिक्षालाई प्राथमिक शिक्षाको तयारी ठान्दछन् । यस प्रकारको शिक्षा सञ्चालन हुने विद्यालयलाई विभिन्न किसिमको नाम दिएको पाइन्छ, जस्तै पूर्व प्राथमिक विद्यालय, शिशु स्याहार केन्द्र, बाल विकास केन्द्र पूर्व प्राथमिक शिक्षाको नामलाई विचार गर्दा यो एक औपचारिक शिक्षा व्यवस्था जस्तो बुझीन्छ जुन प्राथमिक शिक्षा भन्दा पहिलेको शिक्षा भन्ने बुझाउँछ तर यस प्रकारको शिक्षा

अनौपचारिक शिक्षाले सञ्चालन गरेता पनि शिक्षण कार्य भने औपचारिक ढङ्गबाट संचालन गरिनुपर्दछ । यस शिक्षामा बालबालिकाको विकास क्रमलाई ध्यानमा राखी विभिन्न विषयहरूको  सिकाईका लागि आवश्यक पूर्व तयारी ज्ञान र सीपहरू प्रदान गरिन्छ । मुख्य रूपमा यस शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकासको आधार तयार गर्दछ ।

पूर्व प्राथमिक शिक्षा पाठ्यक्रममुखी नबनाई, बालबालिकाको आवश्यकतामुखी हुनुपर्दछ । बालबालिकालाई पढ्न, लेख्न गणितको धारणाको साथै सामाजिक सीपहरू समेत प्रदान गर्नु पर्दछ । बालबालिकालाई सिर्जनात्मक विकासका लागि उत्प्रेरित गर्नुपर्दछ । यस शिक्षाले विद्यालयको ज्ञान, विद्यालयमा दिनभरि बस्न, साथीहरूसँग खेल्न र सामान्य अनुशासन नियमहरू पालना गर्नुका साथै बालबालिकालाई आधारभूत शिक्षा दिन्छ । यसका साथै बालबालिकाहरूको प्रतिभालाई सम्पर्क पक्षबाट उजागर हुन सक्ने वातावरण तयार गर्दछ ।

शर्मा,शर्मा, (२०६१) का अनुसार पूर्व बाल्यावस्थाका बालबालिकाहरू आफ्नो धेरै समय घर परिवारमा बिताउने गर्दछन् । घरपरिवार नै केटाकेटीको पहिलो विद्यालय हो । आमाबाबु केटाकेटीका संरक्षक र अभिभावक हुन् । मानव विकास र बृद्धिका क्रममा हुनु पर्ने सकरात्मक विकासमा बढी जिम्मेवार आमाबाबु नै हुने गर्दछन् । आफ्ना बालबालिकालाई कस्तो शिक्षा दिने देखि लिएर अनुशासन, सामाजिक दायित्व, रीतिरिवाज, संस्कृति र नैतिकताका व्यवहारहरू सिकाइ राम्रो व्यक्तित्वको विकास गराउन सम्मको दायित्व  आमाबाबुको हुन्छ । त्यसै गरी जब बालबालिकाहरू विद्यालय जाने गर्दछन्, त्यस बेलादेखि केटाकेटीका सरसंगत, सरसफाई खानपिन, रहनसहन, अनुशासन, नैतिकता, वातावरण लगायतका सम्पूर्ण कुराहरूको शिक्षा दिने दायित्व शिक्षकको मानिन्छ । अर्को शब्दमा भन्नुपर्दा जन्म दिने आमाबाबुले गरेका हुन्छन्  भने कर्म दिने काम शिक्षकले गरेको हुन्छ । त्यसैले भन्ने गरिन्छ बालबालिकाको संरक्षक आमाबाबु र शिक्षक हुन् ।

पूर्ववाल्यावस्था बालबालिकाको विकास क्रमको संरक्षणमा आमाबाबु तथा शिक्षकले बालबालिकाको स्वास्थय प्रति ध्यान दिने, दुर्घटनाहरूबाट बचाउने, केटाकेटीलाई एक आपसमा तुलना नगर्ने, आत्मधाराणालाई कजोर बन्न नदिने, लिङ्गीय भेदभाव नगर्ने जस्ता कुराहरूमा ध्यान दिनु आवश्यक मानिन्छ ।

न्यौपाने, (२०६२) तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा कोठाको व्यवाहार एक तुलनात्मक अध्ययन, सामाजिक विषयको शिक्षक निर्देशिकाले शब्दपत्ती, गोजी, तालिका, फ्लाटिन बोर्ड, शब्दसूचीहरूको प्रयोग गर्न सकिने कुरा उल्लेख गरिएको थियो भने नेपाली विषयको शिक्षक निर्देशिकाले शब्दपत्ती, शब्दकोष, वाक्य सूचीको प्रयोग गर्न सकिने कुरा उल्लेख गरेको थियो (श्रेष्ठ (२०५८) को अध्ययन तालिम प्राप्त शिक्षकमध्ये २७ प्रतिशत शिक्षकले गाउघरमा प्राप्त सामग्रीको प्रयोग गरेको तर तालिम अप्राप्त शिक्षकले कुनै सामग्रीको प्रयोग नगरेको तयार गर्न नआएको र ज्ञानको कमी भएको कुरा उल्लेख गरिएको थियो । शिक्षा विभाग (२०५९/६०) को अध्ययनमा शिक्षकले सधैं भरि सामग्रीको प्रयोग गर्ने संख्या ४४.५ प्रतिशत रहेको र कहीले कहीं प्रयोग गर्नेको संख्या ३२.२ प्रतिशत रहेको उल्लेख गरिएको थियो ल्कृभ्म र ऋच्मम (२०६/०६० ले गरेको अध्ययनमा ३६.६ प्रतिशत शिक्षकले पाठ अनुसारको शैक्षिक सामग्री प्रयोग गरेको ४४.५ प्रतिशत शिक्षकले वारम्वार शिक्षण सामग्रीको प्रयोग गरेको कुरा उल्लेख गरेको छ ।

कोइराला, (२०६७) का अनुसार सिकाइ सिद्धान्त भन्छ - जोसँग पनि सिकिन्छ । सिक्नु पर्दछ । अनुसन्धाता त्यसै गर्दछन् । घामकिरी हेरेर हेलिकप्टर बनाउँछन् । ढुकुर हेरेर हवाइजहाजको आकार बनाउँदछन् तर समाजिक जीवन भिन्न रहेछ । सिकाइ सँग शक्ति खोज्ने । सिकाइ वला कै सिको गर्ने । त्यसैले शिक्षकको सिको विद्यार्थीले गऱ्यौं । नेताको सिको कार्यकर्ताले बोलिमा, शैलीमा, शब्द संयोजनमा, हाउभाउमा । स्कूलहरूले पनि त्यहि गऱ्यौं । निजीको सिको सरकारीमा । के सरकारी स्कूलले सिकाउने कुरा केही छैन ? सिकाइ सिद्धान्तले भन्छ -छ । शक्तिले भन्छ - छैन ।

निजीले थोरै रकममा धेरै काम लगाउने तर्किव जान्यो । सरकारले पारदर्शी रूपमा तलव दिन जान्यो । यस स्थितिमा के निजीले सरकारी जस्तो आर्थिक पारदर्शीता अपनाउन सक्दैनन् ? के सरकारले निजीका शिक्षकलाई जोताए जस्तो शिक्षकलाई जोताउन सक्दैनन् ? सक्छौं भने बल गरौं ।

निजीले विद्यार्थीलाई स्वप्नद्रष्टा बनायो । चिनिया शब्दावलीमा चिल लामो उड्न सक्ने । व्यक्तिको तहमा गाउँ छोड्ने । देश छोड्ने । सरकारीले विद्यार्थीलाई कुखुरा बनायो । धेरै उड्न नसक्ने बढी हिंड्ने । बेगकम भएको स्वदेशीय जिल्ला सदरमुकाम सम्म पुग्ने । राजधानी

पुग्ने । विदेशीय खाडिमूलुक । जहाँ पुगे पनि आँखा घरै तिर हुने । पैसा कमाए पनि घरै ल्याउने । यस स्थितिमा सरकारी स्कूलले विद्यार्थीलाई चिल बनाउन  सिकाऔं बेग भएको । निजीले विद्यार्थीलाई कुखुरा बन्न  सिकाऔं । के गर्ने दुवै मिलेर नेपाली प्रतिभालाई नेपालमुखी बनाऔं । थाल्ने हो ? निजी स्कूलले व्यवस्थापन जान्यौं । देखको व्यवस्थापन । सरकारले लामो व्यवस्थापन त्यसैले सरकारीलाई विद्यालय व्यवस्थापन समिति घाडो भएको छ । जि.शि.का., स्रोत व्यक्ति, वि.व्य.स. मालिक । मालिक थपिएकोमा सरकारी विद्यालयलाई चिन्ता भयो । निजीले प्रधानाध्यापकलाई क्रियाशील बनायो । के निजीको यो व्यवस्थापन सरकारीले लिन सक्ला ? निजी स्कूलले राजनीतिक दललाई पाल्छन् । जि.शि.का.लाई पाल्छन् जे गफ लगाए पनि निजीमा पढाउने क्रेज सबैमा छ । यो स्थितिमा निजीले सरकारीको सेवा दिन सक्दैन ? सरकारीले पनि निजीको स्वयत्तता पाउँदैन ? यो स्थितिमा हामी दुवै भिन्न हौं, ठूला साना होइनौं चिन्तन उमारौं ।

मैले हेर्दा निजी र सरकारीका आ- आफ्नै क्षमता भेटें । सिक्न सिकाउन मिल्ने क्षमता । अहिले पनि आदनप्रदान त चलेकै छ । सहरबजारमा सरकारी शिक्षकले निजीमा क्लास लिएर । निजी स्कूल चलाउनेले सरकारी स्कूलमा जागिर खाएर । सरकारी निजीमा बच्चा पठाएर । निजीमा बेठिक मानिएकालाई सरकारी स्कूलबाट एस.एल.सी. परीक्षा दिलाएर । सरकारीले “राम्रा” बनाइएका विद्यार्थीलाई निशुल्क पठन पाठन र ट्युसन दिँदै निजीमा लगेर । यस अर्थमा अहिलेको आदन प्रदान अवैध हो । कानुनी स्वीकृति नपाएको । सरकारले आँखा चिम्लिएको त्यस्तै अवैधलाई वैध बनाउने अनेकौं उपाय छन् । पहिलो उपाय होस एक अर्काको कक्षा अवलोकन गर्ने । अवलोकन पश्चात सामुहिक छलफल गर्ने । के सिक्यौं भन्ने छलफल । एक अर्कालाई के सिकाउन सक्छौ भन्ने छलफल । दोस्रोस एक अर्काको कक्षामा पठन पाठन गर्ने । सरकारीले निजीकोमा । निजीले सकारीको । तेस्रोस एक अर्काका विद्यार्थीलाई एक आपसमा सिक्न लगाउने । सिक्ने वातावरण सिर्जना गर्ने । गराउने । चोथोस निजी र सरकारी शिक्षकको सिकाइ  साटासाट गर्ने । पाँचौस ‘म भए के गर्थ्यें’ भनि एक अर्काका विचार खोज्ने उपक्रम गर्ने । अन्तरक्रियाले । पत्राचारले । सुपर हाइवेले । अन्य कुनै उपायले ।  छैटौंस एक अर्काका प्रतिसपर्धि होइनौ बरू समकक्षी हौं भन्ने चिन्तनको खेती गर्ने । सातौंस एक अर्काका अभिभावकहरू बीच अन्तर क्रिया गर्ने । गराउने ।

श्रीवास्तव, (२०६७) ले उदृत गरे अनुसार हामीकहाँ मुख्य रूपले सामुदायिक र संस्थागत समेत २ किसिमका शिक्षण संस्थाहरूले विद्यालय स्तरीय शिक्षा दिने कार्य गरिरहेका छन् । यी शिक्षण संस्थाहरूमा नराम्रा पक्षहरूलाई फालेर राम्रा राम्रा पक्षहरूलाई एक ठाउँमा समायोजन गर्न सकियो भने राष्ट्रमा शिक्षा शिक्षणको अवस्थाले फड्को मार्न धेरै समय लाग्ने छैन । हाम्रा सबै सामुदायिक विद्यालयहरू ' नराम्रा' र सबै संस्थगत विद्यालयहरू 'राम्रा' छैनन् । दुवै किसिमका थोरै विद्यालयहरू मात्र 'राम्रा' विद्यालयका रूपमा स्थापित छन् । धेरैजसो सामुदायिक विद्यालयहरू जन साधरणको पहुँचमा छन् भने त्यहाँ गरिने शिक्षणको अवस्था चिन्ताजनक छ । त्यस्तै थोरै मात्र संस्थागत विद्यालयहरूले स्तरीय शिक्षा दिने भएतापनि तिनीहरू अभिभावकको लागि आकासको फल भएका छन् । प्राय संस्थागत विद्यालयहरूमा लगनशील र परिश्रमी शिक्षकहरू पहिचान गरी पुरस्कृत गर्ने व्यवस्था छ भने सामुदायिक विद्यालयमा पुरस्कारको लागि छनौटको आधार त्यसको ठिक विपरित रहेको पाइन्छ । यसले आफ्नो कार्यप्रतिको जिम्मेवारी बहनबाट शिक्षक मित्रलाई विपरित दिशामा धकल्ने गरेको पाइन्छ ।

यसै गरी शिक्षक छनोट प्रक्रियामा पनि यि दुवै विद्यालयमा फरक रहेको पाइन्छ । संस्थागत विद्यालयहरूले 'हाम्रा' भन्दा 'राम्रा' लाई ग्राह्यता दिन्छन् भने प्रायजसो समूदायिक विद्यालयहरूमा शिक्षा सेवा आयोगबाट हुने बाहेकको अवस्थामा 'राम्रा' लाई भन्दा 'हाम्रा'लाई बढी ग्राह्यता दिने गरिन्छ । यो हाम्रो परिवारिक र राजनीतिक दुवै जातको हुन सक्दछ । यसै गरि राजनीतिक पार्टीहरूले यिनै सामुदायिक विद्यालयहरूमा "झोले नियुक्ति' ( व्यक्तिगत वा समूहमा) गराएर साउने रोपाइँ गर्ने गरेका छन् जुन राष्ट्र घाती सिद्ध भएको छ ।

दुवै किसिमका विद्यालयहरूमा मुख्य पाठ्यक्रम नेपाल सरकारले निर्धारण गरेको आधारमा हुने भएता पनि समुदायिक र संस्थागत विद्यालयमा मात्र नभइ हरेक जसो संस्थागत विद्यालयहरूले पनि फरक फरक पाठ्यक्रम अंगालेका उदाहरणहरू छन् । समयमा निर्धारित पाठ्यक्रममा भएका कमी कमजोरी र अझै गुणत्मक शिक्षा दिने होडले पनि विद्यालयलाई यसो गर्न बाध्य बनाएको छ। शिक्षक कर्मचारीहरू पनि विभिन्न खेमामा बाँडिनु भन्दा एउटा विशुद्ध पेसागत संस्थासँग आवद्ध भइ आफ्नो पेशागत र वृत्ति विकासका लागि अगाडी बढ्न जरूरी छ । शिक्षक मित्रहरूले गर्ने राजनीति । राजनीति पार्टीहरूको लागि भन्दा शिक्षक

समुदायको लागि हुनु पर्दछ । देशमा पटक पटक भइरहने हडतालका कारण पठन पाठनमा पुग्ने क्षतीको परिपूर्ती संस्थागत विद्यालयहरूले विदाका दिन कक्षा सञ्चालन गरेर तथा दैनिक स्कूल अवधिलाई लम्ब्याएर गर्ने गरेको कुरा सामुदायिक विद्यालयहरूका निम्ति अनुकरणीय छ ।

स्रोत र साधन सँगसँगै इच्छा शक्तिको कमी मुख्य तगारो बनेको देखिन्छ । भएकै साधन स्रोतको प्रयोग गरेर पनि यस्ता क्रियाकलापहरूको सञ्चालन गर्न नसकिने होइन । यस्ता क्रियाकलापको सञ्चालनलाई सामुदायिक विद्यालयहरूले पनि महत्व दिएमा विद्यार्थीहरूको रुचि, आत्मविश्वास र विभिन्न किसिमका सीप विकासमा बल पुऱ्याउँछ । यसरी संस्थागत र सामुदायिक विद्यालयहरूको तुलनात्मक अध्ययन गर्दा केही कुराहरू संस्थागत विद्यालयले समुदायिक विद्यालयहरूसँग सिक्नु पर्ने  देखिन्छ भने सामुदायिक विद्यालयहरूले संस्थागत विद्यालयहरूबाट धेरै कुराहरू सिक्न पर्ने देखिन्छ ।

आज देशमा यी दुवै किसिमका विद्यालयहरूको उत्तीकै आवश्यकता र खाँचो छ । यी दुई किसिमका विद्यालयहरूको दुरीलाई घटाउने र उपायहरूको खोजी र कर्यान्वयन ।

प्राधानाङ्ग, (२०६६) समविकास शिक्षा  सिकाइ  र सहजीकरणमा प्रारम्भिक बाल शिक्षाको औचित्य : अर्न्तराष्ट्रिय रूपमा प्रारम्भिक बाल विकास भन्नाले गर्भास्था देखि ८ वर्ष सममको उमेरलाई मानिन्छ । देशको स्रोत र आवश्यकता अनुसार उमेर समूहलाई तोकेर कार्यक्रम सञ्चालन गर्न सकिने गरी उमेरलाई केन्द्रित गरिएको छ । हाम्रो देशले प्रारम्भिक बालविकासलाई ३ देखि ५ वर्षको उमेर समूहलाई लिइएको छ । शिक्षा ऐन र नियमावलीमा प्रारम्भिक बालविकास कार्यक्रम  भित्र विद्यालयका लागि एक वर्षे पूर्व प्राथमिक कक्षा र समुदायमा ३-५का लागि बालविकास केन्द्रको अवधारणा तयार पार्दै ५ वर्ष पूरा भइसकेपछि मात्र कक्षा १ को शुरूवातलाई जोड दिएको छ । विभिन्न राष्ट्रिय योजनाहरू, रणनीति र सबैका लागि शिक्षाका दस्तावेजमा प्रारम्भिक बालविकास सेवालाई ३-५ वर्ष उमेर समूह बालबालिकाका लागि केन्द्रको प्रावधानलाई जोड दिएको अवस्था छ । त्यस्तै ३ वर्ष मुनिका बालबालिकाका लागि अभिभावक शिक्षाको प्रावधान रहेको छ । यसलाई परिलक्षित गरी शिक्षा मन्त्रालय अन्तरगत शिक्षा विभागले प्रारम्भिक बालविकास दिग्दर्शन पनि ३ र ४ वर्ष का


बालबालिकालाई लक्षित गरी नीति निर्माण गरी स्वीकृती समेत प्राप्त गरिसकेको अवस्था छ । हाल सन् २००९ देखि लागु हुने विद्यालय सुधार योजनामा ४ वर्षका बालबालिकाहरूका लागि लगानी सुनिश्चित गर्ने प्रतिबद्धता रहेको अवस्था छ । बालबालिकाको अवस्थामा मस्तिष्कको विकासले जीवनभर नै स्वास्थ्य, सिकाइ र व्यवहारमा फरक पार्ने कुरालाई प्रमाणीत गरिसकेको छ, (जे.एफ. मस्टार्डको लेख प्रारम्भिक बालविकास सिकाइ समाजका लागि आधार, भ्ऋम्म स त्जभ दबकभ ायच भिबचलष्लन कयअष्भतथ वॉ :गकतबचभम० बालबालिकालाई गरिएको लगानीले १७ गुणा बढी प्रतिफल दिने कुरालाई विश्व बैंकले पनि जोडका साथ प्रस्तुत गर्दै आएको अवस्था छ । अतः बालबालिकालाई लगानी गर्ने हो भने गर्भावस्था देखि नै लगानी हुनु जरूरी छ किनभने विकास र सिकाइ का शुरूवातका हिसाबले यी समय ज्यादै सम्वेदनशील हुन्छन् ।

## २.१ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनमा केही ख्यातिप्राप्त शिक्षा विद् एवम् मनोवैज्ञानिकहरूका पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीहरूको प्रयोग सम्बन्धी चिन्तनहरूलाई आधार बनाई तथ्याङ्क विश्लेषण गरिने छ । सम्बन्धित साहित्यको पुनरावलोकन अनुसन्धानको लागि एउटा महत्वपूर्ण पक्ष हो जसले अनुसन्धानकर्तालाई ज्ञान आर्जन गर्न सहयोग गर्दछ । यस अध्ययनमा पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीहरूको प्रयोगसँग सान्दर्भिक रहेका अध्ययनहरूलाई आधार मान्दै, सिक्ने र सिकाउने कार्यमा जोड दिएको हुनाले अध्ययनलाई सिद्धान्तसँग सम्बन्धित बनाइएको छ ।

अध्ययनको सैद्धान्तिक खाका

चित्र नं. १




यस अध्ययन पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभावकारितामा मन्टेसरी र फ्रोवेलद्वारा प्रतिपादीत सैद्धान्तिक खाका अनुरूप नै रहेको छ ।

कलिला बालबालिकाहरूको मस्तिष्कमा सकरात्मक भावनाहरूको विजारोपण गर्न राम्रा वानीहरूको विकास गराउने कार्य पूर्व प्राथमिक तहबाट सहज रूपमा गर्न सकिने अवधारणाको विकास डा. मेरिना मन्टेसरी, स्टालियन डाक्टर (१८७०-१९५२) ले मन्टेसरी स्कुलको थालनी

गरी आज संसारभर प्रसिद्ध छ । उनका अनुसार शिक्षाको प्रारम्भ जीवनको प्रारम्भबाट हुनुपर्दछ । शिक्षण  सिकाइ पूर्णरूपले स्वतन्त्र एवम् प्राकृतिक हुनुपर्दछ । उनकै शब्दमा विकास त बालक आफैंले गरेको हुन्छ र अभिभावकले मूलत प्रतीक्षा गरेको हुन्छ । मन्टेसरीले ज्ञानेन्द्रिय ( आँखा, नाक, कान, जिब्रो, छाला / माशंपेशी) को तालिमलाई नै  सिकाइ भन्दछिन् । उनका अनुसार लेखाइ यान्त्रिक कुरा हो जो पढाइ पहिले नै  सिकाइ  हुन्छ । उनले शिक्षणको सट्टा  सिकाइ शब्दलाई महत्व दिन्छिन् ।

फेडरिक अगस्ट फ्रोवेल, जर्मन शिक्षक (१७८२-१८५२) का अनुसार शिक्षण एक्लै पूर्ण हुन सक्दैन । शिक्षामा सामाजिकीकरण हुनुपर्दछ भन्ने मान्यतामा उनले बाल वगैंचाको पनि परिकल्पना गरेर सबैलाई “बालबालिकाको लागि काम गरौं” भनी आह्वान गरे । उनकै शब्दमा ूऋाफभ बलम भित गक ष्खिभ ायच अजषमिचभलू खेल, गीत र उपहारद्वारा सञ्चालित शिक्षा नै किण्डर गार्टेन पद्धतिको माध्यम हो । फ्रोवेलको किण्टर गार्टेनमा विद्यालय वगैंचा, बालक रङ्गी विरङ्गी फूल र शिक्षक माली मानिएको छ ।

नेपालमा सर्वप्रथम पूर्व प्राथमिक विद्यालयको शुरूवात २००६ सालमा रानीपोखरीको उत्तर किनारमा रहेको भवन मन्टेसरी पद्धतिबाट भएको थियो । २०१३ सालमा कलेज अफ द एजुकेसन लाजिम्पाटमा खुलेपछि सो मन्टेसरी स्कुल डेमोनस्ट्रेसन स्कुलमा गाभियो । २०१७ मा युनेस्कोका तर्फबाट बोलाइएका एच.बी. उड र वी. केनल को एजुकेसनल प्लानिङ्ग इन नेपाल एण्ड इट इज इकोनमिक इम्प्लीकेसन त्यस्तै लग ट्रिम प्रोजेक्ट फर एजुकेसन इन नेपाल नामक प्रतिवेदन पेश गरेका थिए । २०१७ सालको परिवर्तन पछि बनेको राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ ले एच.वी. उड को प्रतिवेदनलाई  आधार वनाई पूर्व प्राथमिक शिक्षाको रूपमा बाल उद्यानहरू को स्थापना गर्न सिफारिस गऱ्यो ।

त्यसपछि अधिराज्यका जिल्ला सदरमुकामहरूमा बाल मन्दिरहरू खोलिए । २०२८-०३२ मा राष्ट्रिय शिक्षा पद्धतिको योजनाले पूर्व प्राथमिक शिक्षाको विषयमा केही बोलेन तर सरकारले निजी क्षेत्रमा पूर्व प्रा.वि. खोल्ने नीति बनायो । २०३२ पछि निजि क्षेत्रमा नर्सरी, के.जी. आदि स्वरूपमा स्कुलहरू ब्यवस्थापनको रूपमा सहकारी क्षेत्रमा केन्द्रित भएर खोल्न थालियो । २०३६ पछि सेतो गुराँस, रेड वार्ना, सेभ द चिल्ड्रन, नर्वे, प्लान इन्टरनेशनल, एक्शन एण्ड आदि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका गैर सरकारी संस्थाको सक्रीयतामा समुदायमूलक खोलिए ।

२०४८ पछि थाइल्याण्डको जोम्टिङ्गमा भएको “सबैका लागि शिक्षा” सम्बन्धी सम्मेलन (१९९०), बाल अधिकार आयोजनाको प्रतिवेदन २०४९ ले गा.वि.स., नगरपालिकाको सिफारिस र जि.शि.अ.को अनुमतिमा नर्सरी, के.जी., पूर्व प्रा.वि.हरू खोल्न सक्ने नीति सिफारिस गऱ्यो । निजी क्षेत्रमा निकै पूर्व प्रा.वि.हरू खुले । २०५४ पछि प्राथमिक शिक्षा परियोजना अन्तर्गत १ वर्षे शिशु कक्षा शुरू भएको छ । द्यएभ्ए क्ष्क्ष अन्तर्गत सन् २००४ सम्ममा ५७०० पूर्व प्रा.वि. शिक्षा केन्द्रहरू खोल्ने नीति लिएको थियो । स्थानीय स्वायत्तता ऐन एवम् नियमावली २०५९ले पूर्व प्राथमिक शिक्षा खोल्न र संचालन गर्न गा.वि.स. र नगरपालिकालाई अधिकार लिएको छ । सन् २०१५ सम्ममा सबैका लागि शिक्षाको सुनिश्चितता गर्ने प्रतिबद्धता अन्तर्गगत ६ वटा उद्देश्यहरू मध्ये पहिलो प्राथमिकतामा पूर्व प्राथमिक शिक्षाको विस्तार गर्ने भन्ने रहेकोले दशौं पञ्चवर्षीय योजनामा प्रा.बाल शिक्षाले अरू प्राथमिकता पाउनु पर्ने वाध्यात्मक अवस्था छ । यसरी विविध कारक तत्वबाट विभिन्न समयमा शुरू भई संचालित पूर्व प्रथामिक शिक्षाका कार्यक्रमहरू निम्न अनुसारका स्वरूपमा संचालित छन् :

क) गैर सरकारी संस्थाद्वारा संचालित शिशु स्याहार/पूर्व प्राथमिक शिक्षा कार्यक्रमहरू,

ख) विकास परियोजनाद्वारा संचालित बाल स्याहार वा शिक्षा सम्बन्धी कार्यक्रमहरू,

ग) निजी विद्यालयका रूपमा संचालित नर्सरी, किण्डर गार्टन स्कूलहरू,

घ) सार्वजनिक विद्यालयहरूबाट सञ्चालित शिशु कक्षाहरू ।

सैद्धान्तिक चिन्तन र व्यवहार बीचको अन्तर सम्बन्धबाट  सिकाइमा देखिएका समस्या पहिचान गर्न सकिने विश्वास लिइएको छ । जस्तै प्रकृतिवादी रूसोको अनुसार प्रत्यक्ष अनुभवबाट आएको स्वतन्त्रता एवम् प्राकृतिक वातावरणबाट प्राप्त व्यवहार नै उत्तम हुन्छ (शर्मा, २०५७) । यसै तथ्यलाई यस अध्ययनमा बालबालिकाहरूको चौतर्फी विकास र  सिकाइ स्थितिसँग तुलना गर्न सकिने मान्यता राखीएको छ । त्यसैले यस अध्ययनमा पूर्व प्राथमिक तहमा शैक्षिक सामग्रीको प्रयोगले बालबालिकाहरूको सिकाइ मा पार्ने सकरात्मक प्रभाव बारे प्रष्ट्याउने प्रयास गरिएको छ  ।

## २.३ शैक्षिक उपादेयता

पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको समुचित प्रयोग गरी गुणस्तर बृद्धि गर्न बालशिक्षिका, बालबालिकाहरू, अभिभावक प्र.अ. एवं विद्यालय व्यवस्थापन समिति बीच समन्वयनात्मक

भूमिका राखी बालकक्षाहरूलाई भौतिक, मनोरञ्जनात्मक, एवम् शैक्षिक रूपले सम्पन्न पार्न शिक्षासँग सरोकार राख्ने सबै पक्षलाई कसरी विद्यालयमा शैक्षिक सामग्री बढाई अधिकतम उपलब्धि प्राप्त गर्न सकिन्छ भन्ने विषयमा पृष्ठपोषण एवं जानकारी दिन यो शोध कर्ताको प्रयासले पक्कै पनि सहयोग मिल्ने छ भन्ने शोधकर्ताको विश्वास रहेको छ ।

शैक्षिक सामग्रीको प्रायोग विना पूर्व प्राथमिक तहको शिक्षा प्रभावकारी हुन सक्दैन भन्ने विषयमा शिक्षविद् मनोवैज्ञानिक, समाजशास्त्री, एवम् प्रकृतिवादी तथा व्यवहारवादी दार्शनिकहरूको लेख रचना एवम् अनुभवबाट प्रष्ट भएको छ । यसतहको सिकाइ उपलब्धिपूर्ण बनाउनको लागि सरोकारवलाहरूले शिशु/ बाल कक्षाको भौतिक व्यवस्थापन, तालिम प्राप्त महिाल शिक्षक, आकर्षक शैक्षिक एवम् खेलकूदका सामग्रीहरूको उपलब्ध गराउनु पर्ने पक्षमा जोड दिइएको पाइन्छ । स्थानीय स्तरमा पाइने सरल शैक्षिक सागम्रीको प्रयोगले बालबालिकाहरूमा जिज्ञासा उत्पन्न हुने छिटो सिक्ने र सिकेका कुराहरू नविर्षने र उचित बानीको विकास पूर्व वाल्य अवस्थामा नै गर्नु पर्दछ भन्ने तथ्य सर्वमान्य भएको छ ।

उपरोक्त विषयमा विभिन्न प्रतिवेदन, लेख, शोधपत्र तथा अनुसन्धानबाट प्राप्त हुन आएका जानकारी तथा तथ्याङ्कहरूले परम्परागत एवम् वर्तमान शिक्षण विधिमा भएका कमीकमजोरीहरूलाई उजागर गर्दै विना शैक्षणिक सामग्री एवम् पूर्व तयारी विनाको कक्षा शिक्षण 'नुन विनाको तरकारी' जस्तै हुन्छ भन्ने मान्यताका साथ आजको युग सुहाउँदो शिक्षण गर्न र बढीभन्दा बढी उपलब्धि हासिल गरी सबैलाई सिक्ने र सिकाउने एवं रुचिकर शिक्षा पद्धति लागू गर्न आ-आफ्नो बुद्धि, सीप, लगनशीलता एवं आर्थिक पहुँचलाई ध्यानमा राखी आदर्श शिक्षण गर्नु आजको आवश्यकता र वास्तविकता पनि हो । यसरी स्वउत्साहित क्रियाकलापबाट नै पूर्व बाल्य अवस्थाका बलबालिकाहरूले नियन्त्रित एवं स्वावलम्वी साथै आत्मनिर्भर बन्ने विषयमा शोधकार्यले सम्बन्धीत सबैलाई सघाउ पुऱ्याउँछ भन्ने विश्वास गर्न सकिन्छ ।

# परिच्छेद तीन :

# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

अध्ययनको मुख्य उद्देश्य अवस्था प्रक्रिया, समस्या तथा घटनाको व्याख्या विश्लेषण गर्नु रहेको छ र उद्देश्यकालागि संकलन तथा विश्लेषण गरिने तथ्याङ्कको स्वरूप सांख्यिक नभएर शाब्दिक हुनेछ । यो अध्ययन गुणात्मक हुने भएकोले नामरूपी र क्रमागत स्केलमा मापन गरिएको थियो । अनुसन्धान भावनात्मक र लचिलो प्रवृत्तिको हुने भएकोले सामान्यिकरणगर्न कठिन महशुस गरिएको थियो । यस अध्ययनको क्रममा वस्तु प्रक्रिया, समस्या तथा घटनाहरू यथास्थितिमा अथवा तिनीहरूको प्राकृतिक अवस्थामा नै अध्ययन गरिएको छ । अध्ययन गुणात्मक ढाँचाको अनुसन्धानमा आधारित हुने भएकोले गहिरो र खुला अर्न्तवार्ता, प्रत्यक्ष अवलोकन र लिखित दस्तावेज मार्फत तथ्याङ्कहरू संकलन गरिएकोछ । अर्न्तवार्ताद्वारा प्राप्त तथ्याङ्कहरूमा मानिसहरूका अनुभव विचार धारणा र ज्ञानलाई प्रत्यक्ष वाक्यांसकै रूपमा संकलन गरिएकोछ ।

## ३.२ अध्ययनको जनसंख्या र नमूना छनौट

अनुसन्धानका लागि निश्चित जनसंख्यालाई आधार मानेर निश्कर्ष एवं नतिजा निकालिन्छ । अध्ययन कार्यमा सम्पूर्ण क्षेत्रका पूर्व प्राथमिक कक्षाका तथ्याङ्कहरू लिनका लागि विभिन्न कठिनाईहरूको सामना गर्नुपर्ने भएकोले चितवन जिल्ला र.न.पा. भित्रका दुईवटा समुदायमा सञ्चालित बालविकास केन्द्रहरू, दुईवटा सामुदायिक विद्यालयमा सञ्चालित शिशु कक्षा र दुई वटा संस्थागत विद्यालयमा सञ्चालित नर्सरी गरी जम्मा ६ वटा विद्यालय एवं बाल विकास केन्द्रहरूमा संचालित पूर्व प्राथामिक शिक्षामा शैक्षिक सामग्रीको प्रयोगबारे अध्ययन गरीएकोछ । छनौटमा परेका हरेक विद्यालय एवम् केन्द्रबाट एक-एक जना शिक्षिका, एक एक जना प्र.अ., विद्यालय/केन्द्र व्यवस्थापन समितिबाट एक एक जना अध्यक्ष र अभिभावकहरु मध्येबाट एक/एक जना गरी जम्मा २४ जनालाई यस अध्ययनको नमूनाका रूपमा लिइएको छ ।

विद्यालय र जनसंख्याको छनोट उद्देश्यमूलक नमूना छनोट विधि अनुसार गरिएकोछ । पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रयोग पत्ता लगाउन सम्बन्धित विद्यालयहरूको स्थलगत अवलोकन भ्रमण गरिएकोछ ।

## ३.३ अनुसन्धानका विधि र साधनहरू

यस शोधअध्ययनका लागि निम्न लिखित साधनहरूको विकास गरी उपयोगमा ल्याइएको छ :

क) अवलोकन फारम (रूजु सूची) : नमूना छनोटमा परेका विद्यालयहरूमा सञ्चालित बाल कक्षाहरूमा शैक्षिक सामग्रीको प्रयोग कस्तो छ पत्तालगाउन रूजु सूची तयार गरी स्थलगत अवलोकन गरी आँफैले भरेको छु,(अनुसूची ६) ।

ख) अर्न्तवार्ता प्रश्नावलीमा चिन्तन र प्रयोगमा भिन्नता र समानता हुनेगरी निम्न लिखित बुँदाहरू समावेश गरीनेछ : सैद्धान्तिक जानकारी, अभिमुखीकरण तालिम, योग्यता अनुभव, शैक्षिक योग्यता, सामग्री निर्माण र प्रयोग विधि, ( अनुसूची ५) ।

ग) पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रयोगले बालबालिकाहरूको शारीरिक, समाजिक, संवेगात्मक बौद्धिक एवं र सृजनात्मक विकासको अवलोकन गरी कृयाकलापहरूको सूची तयार गरिएकोछ । अवलोकन र छोटा वार्तालापको आधारमा अति उत्तम, उत्तम, मध्यम र सामान्य गरी सिमांकन गरेर आफैंले भरेको छु । साथै केन्द्रमा उपलब्ध शैक्षिक सामग्रीहरूको अनुसूची ६ अनुसरको रूजु सूची भरेको छु ।

## ३.४ तथ्याङ्कका स्रोतहरू

अध्ययनलाई पूर्णता प्रदान गर्नको लागि  आवश्यक तथ्याङ्कहरू संकलन गर्न प्राथमिक तथ्याङ्क अन्तरगत प्रश्नावली, अवलोकन, अन्तरवार्ता जस्ता वैधानिक साधनहरु र  द्वितीय तथ्याङ्कहरूमा सम्बन्धित बालविकास केन्द्र, सामुदायिक विद्यालय र संस्थागत विद्यालयका अभिलेख, पत्रपत्रिका, लेख-रचनाहरुको प्रयोग गरिएकोछ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

अनुसन्धानको लागि नमूना छनोट गर्दा संयोगमा आधारित नमूना छनोट भन्दा पनि उद्देश्य र प्रकृतिको उपयोग गरी नमूना छनौट गरीने विधि हो, (मुडवरी र खनाल, २०५९) । यसै नमूना छनौट विधिलाई अवलम्वन गरिएको छ । अध्ययनमा प्राथमिक तथा द्वितिय तथ्याङ्कहरू प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्कहरू : अर्न्तवार्ता, प्रश्नावली, अवलोकन फारम, रूजु सूचीको आधारमा संकलन गरिएको छ भने द्वितीय तथ्याङ्कहरूमा विद्यालयको विद्यालय सुधार योजना, दस्तावेज र विद्यालय प्रशासनबाट लिइएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

वास्तवमा यो गुणात्मक अध्ययन भएको कारणले सम्बन्धित विद्यालय, प्र.अ. बालबालिका वि.व्य.स. अध्यक्ष, शिक्षिकाबाट प्राथमिक तथा द्वितीय स्रोतहरूबाट प्राप्त गरिएका तथ्याङ्कहरूलाई वर्णनात्मक तरिकाले व्याख्या र विश्लेषण गरिएकोछ ।

# परिच्छेद चार :

# तथ्याङ्कको व्याख्या र  विश्लेषण

## ४.१ पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभाव


यस शोधका लागि नमूना छनोटमा परेका बालविकास केन्द्रहरू सामुदायिक र संस्थागत विद्यालयका शिशु तथा नर्सरी कक्षामा अध्यापनरत शिक्षिकाहरू, बालबालिकाका अभिभावक, प्र.अ. एवम् व्यवस्थापन समितिका अध्यक्षहरूबाट उद्देश्यमूलक नमूना छनोट विधिबाट छनोट गरी प्रत्यक्ष अन्तरवार्ताबाट सम्बन्धित विद्यालय/केन्द्रको अवलोकन गरी तथ्याङ्क संकलन गरिएको छ । साथै ६ वटै केन्द्र, विद्यालयको २।२ वर्षको उपलब्धि तथ्याङ्क अनुसूची पनि संकलन गरिएको छ । यसका साथै पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभावकारिताका बारेमा सम्बन्धित पक्षका सरोकारवलाहरूसँग अनौपचारिक रूपमा छलफल गरी केन्द्र/विद्यालयको अभिलेखबाट तथ्याङ्क लिइएको छ ।

कक्षाकोठा स्वयं शैक्षिक सामग्री युक्त हुनुपर्नेमा कसैको पनि फरक मत हुँदैन । शिक्षण सिकाईका लागि आवश्यक पर्ने सबै स्रोत र सामग्रीको व्यवस्थपन कक्षा कोठामा हुनुपर्दछ । ठिक- ठिक ठाउँमा राखीएमा ठिक-ठिक समयमा सजिलैसँग प्राप्त गर्न र प्रयोग गर्न सकिन्छ । स्वयं साधन-युक्त कक्षाकोठाको आकारप्रकार, लम्बाई, चौडाई, उचाई मिल्दो वा फराकिलो हुनका साथै हावा खुल्ने उचित प्रकारको व्यवस्था भएको शान्त वातावरण तथा फर्निचर र विद्युतीय सामग्रीको रखाई जस्ता कुरामा विशेष ध्यान दिनु पर्दछ । अध्यापन कोठामा सिकारूलाई कहीले पुगौं पुगौं जस्तो लाग्ने, पुगेपछि त्यहीं बसिरहुँ जस्तो लाग्ने हुनुपर्दछ । कक्षाको वातावरण नै सिकौं जस्तो लाग्ने भएमा शिक्षण सिकाइ को मात्रा बढ्नु स्वभाविक हो ।

नमूना छनोटमा परेका विद्यालयहरूबाट प्राप्त तथ्याङ्कहरू अनुसूची क्रमशः १,२,३ र ४ बाट पूर्व प्राथमिक तहमा शैक्षिक सामग्रीको कति सम्म महत्वपूर्ण स्थान छ भन्ने विषयलाई वर्षौ देखिको अनुभवबाट खारिएका सम्बन्धित क्षेत्रका व्यक्तिहरूबाट विश्लेषण गर्दा यसरी देखाउन सकिन्छ ।

**पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभाव**

**चित्र नं. २**




माथि उल्लेखित सम्पूर्ण कुराहरू व्यवस्थित र प्रभावकारी बनाउनका निम्ति विद्यालय भौतिक, आर्थिक, सामाजिक सबै दृष्टिकोणबाट व्यवस्थित हुनु पर्दछ । जसको लागि भिन्न विचार, फरक संस्कृति, जातीय, वर्गीय र लैंगिक समानता र शैक्षिक हिसावले पछि परेका विपन्न वर्गहरूको शैक्षिक अवसर र पहुँच बढाउन सरोकारवलाहरूको बीचको साझा उद्देश्यको रूपमा शैक्षिक सामग्री र शैक्षिक उपलब्धि रहनु पर्ने देखिन्छ ।

शैक्षिक सामग्रीको प्रयोगबाट पनि यसको धारणा स्पष्ट पार्न सकिन्छ । शिक्षण रोचक हुने, कम समयमा सिकाउन सकिने, विद्यार्थीमा चाख बढ्ने, सिर्जनशीलता तथा उत्सुकता बढ्ने भएकोले कक्षामा शिक्षण सामग्रीको प्रयोगमा बढी जोड दिनु पर्दछ ।

पूर्व प्राथमिक तहमा शैक्षिक सामग्रीको प्रभावकारिताको अध्ययन गर्दा बालबालिकाहरूको चौतर्फी विकासका क्षेत्रमा उल्लेखनीय रूपमा प्रभाव परेको तथ्य सम्बन्धित सरोकारवलाहरू शिशु शिक्षिका अभिभावक, व्यवस्थापन समिति प्रधनाध्यापकहरूबाट पाइयो । प्रभावलाई मुख्यत निम्न ५ भागमा विभाजन गरी हेरिएको छ । अनुसन्धानबाट प्राप्त जानकारी अनुसार यी प्रभावहरूलाई सिलसिलाबद्ध रूपमा विश्लेषण गरिएकोछ ।

### ४.१.१ बालबालिकाको रुचिमा प्रभाव

अनुसन्धानको क्रममा प्रत्यक्ष अवलोकन गर्दा लालपर्सा बालविकास केन्द्र का बच्चाहरू शिशु शिक्षिका कक्षाकोठामा प्रवेश गर्नु अगावै जम्मा भइ " म्यालम् धोका खोल्नुथ म ............ को चित्ल बनाउथु" भन्दै हाँस्तै, हतारिंदै, उफ्रदै ढोका नजिक झुम्एिको अवस्थाले शैक्षिक सामग्रीको प्रभावकारी कुन हद सम्म रहेछ भन्ने कुरा प्रष्टिन्छ । उनीहरूमा घरपरिवार साथीसंगी भन्दा मनोरञ्जनात्मक शैक्षिक सामग्री आकर्षण बढी भएको पाइन्छ । कक्षाकोठामा उपलब्ध शैक्षिक सामग्रीलाई मिलाई सिगों चित्र वनाउने, वनाइसकेपछि आफ्नो सफलता प्रफुल्लताका साथै शिक्षिका र अरू साथिहरू देखाउने, कसले पहिला टुक्राहरू जोडी सिगों चित्र  वनाउन सक्ने भन्ने जस्ता प्रतिष्पर्धात्मक भावनाको अभिबृद्धि हुने, स्वतः नयाँ विचारको प्रस्फुटन हुने र त्यसलाई अभिव्यक्त गरी रमाउने, विजयको ताली एवम् मुस्कान तथा हाँसो निकाल्ने जस्ता क्रियाकलाप र शैक्षिक सामग्रीहरूको प्रयोगले बालबच्चाहरूको  सिकाइमा द्रूत गतिमा विकास भइरहेको देखिन्छ । कक्षाकोठाको भित्तामा सजाइएका चित्रहरूले उनीहरूमा छुट्टै जोश, उमङ्ग छाएको र त्यही कोठामा नै बढी रमाउने पाइएकोले शैक्षिक सामग्रीको प्रयोगले बालबालिकाको रुचिमा सकरात्मक रूपबाट मनोबैज्ञानिक, भावनात्मक, संज्ञानात्मक एवम् व्यवहारिक ज्ञान प्राप्त हुन सकेको तथ्य अध्ययनको क्रममा ६ (वटै बालविकास केन्द्र, शिशु कक्षा र नर्सरी) कक्षाहरूमा अध्यापनरत शिक्षिका, अभिभावक, वि.व्य.स.का अध्यक्ष र प्र.अ. बाट प्राप्त भयो ।

### ४.१.२ सिकाइ उपलब्धिमा प्रभाव

छनोटमा परेका ६ वटै पूर्व प्राथमिक कक्षाका बालबालिकाहरूको सिकाइ  उपलब्धिमा शैक्षिक सामग्रीको प्रभाव कुन हदसम्म रहेछ भनी तथ्याङ्कहरूको विश्लेषण गर्दा लालपर्सा बालविकास केन्द्र र ज्योतिर्मय बालविकासकेन्द्रमा शैक्षिक सामग्रीको अप्रयाप्तताको कारण शैक्षिक उपलब्धि

स्तर कम भएको थाह पाइयो भने महोना मा.वि. र पञ्चकन्या उ.मा.वि. का शिशु कक्षाहरूमा संख्यात्मक रूपमा बलबालिकाहरू बढी भएता पनि  सिकाइ  उपलब्धि बढी भएको र एकता शिशु निकेतन र शिक्षा विकास उ.मा.वि. नर्सरी कक्षाहरूमा सिकाइ उपलब्धि अझै बढीरहेको तथ्य प्रत्यक्ष अन्तरवार्तामा संलग्न शिक्षिका, प्र.अ., अभिभावक र वि.व्य.स. अध्यक्षबाट थाहा भयो । जति बढी मात्रामा आधुनिक रमाइला सरल र सिर्जनात्मक सीप अभिबृद्धि गर्ने खालका शैक्षिक सामग्रीहरूको प्रयोग गर्न सकियो त्यति नै मात्रामा  सिकाइ उपलब्धि हासिल गर्न सकिने तथ्य प्राप्त भयो । अतिउत्तम, उत्तम, मध्यम र सामान्य गरी चार भागमा वर्गीकरण गरिएको शैक्षिक उपलब्धि तालिका नं. १,२ र ३ बाट आएको तथ्याङ्क अनुसार पूर्व प्राथमिक तहका बालबालिकाहरूको उमेर समूह नै खेल उमेर समूह भएकोले खेल र मनोरञ्जनात्मक शैक्षिक सामग्रीको प्रयोग बढी भएका एकता शिशु निकेतन र शिक्षा विकास उ.मा.वि. का विद्यालयका बालबालिकाहरूको उपलब्धि स्तर उच्च रहेको थाहा भयो । संस्थागत रूपमा सञ्चालित विद्यालयमा आधारित नर्सरी कक्षाहरूमा आधुनिक सामग्रीको प्रयोग, खेल, नाचगान, बगैंचा, चिप्लेटी,  सिकाइ अभिबृद्धिका साधनहरू तुलनात्मक रूपमा बढी प्रयोग गरिनाले उनीहरूको चौतर्फी विकास र प्रतिभाको प्रष्फोटन हुन गई  सिकाइ  उपलब्धिमा आशा गरेभन्दा बढी राम्रो परिणाम आएको तथ्य परिच्छेद ३ को तालिका नं. १, २, ३ को उपलब्धि स्तरबाट प्राप्त भयो ।

शैक्षिक सामग्रीको प्रयोगलाइ उपलब्धिसँग तुलना गर्नु भएको छ ? भनी सोधिएको प्रश्नको उत्तरमा पञ्चकन्या उ.मा.वि. का प्र.अ.को  धारणालाई अनुसूची ३ मा उद्गीत गरिएको छ । शैक्षिक सामग्रीको प्रयोगले  सिकाइ  उपलब्धि अधिकतम प्राप्त हुने गर्दछ, किनकि विश्वको इतिहासमा शैक्षिक सामग्रीबाट अध्यापन गराउँदा प्रभावकारी भएको कारणले नै यो प्रविधि बढी लोकप्रीय बन्दै आएको छ । छनोटमा परेका ६ वटै केन्द्र/विद्यालयका तथ्याङ्कहरूको विवरणलाई तल विश्लेषण एवम् व्याख्या गरिएको छ ।

## समुदायमा सञ्चालित बालविकास केन्द्रहरूका विद्यार्थी र उपलब्धि स्तर विवरण

**तालिका १**

| | शैक्षिक सत्र २०६५ | | | | | | शैक्षिक सत्र २०६६ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालयको नाम | | उपलब्धि स्तर | | | | | | उपलब्धि स्तर | | | |
| | भर्ना संख्या | अति उत्तम | उत्तम | मध्यम | सामान्य | | भर्ना संख्या | अति उत्तम | उत्तम | मध्यम | सामान्य |
| लालपर्सा बालविकास केन्द्र | ज्ञछ | द्द | ड | घ | द्द | | द्दण | छ | ज्ञण | द्ध | ज्ञ |
| ज्योतिर्मय बालविकास केन्द्र | द्दघ | छ | ज्ञघ | ज्ञ | द्ध | | द्दछ | द्ध | ज्ञद्द | छ | द्ध |
| जम्मा | घड | ठ | द्दज्ञ | द्ध | ट | | द्धछ | ढ | द्दद्द | ढ | छ |
| औषत नतिजा पतिशत | | ज्ञडाद्धद्द | छछाद्दट | ज्ञणाछद्द | ज्ञटाठड | | | द्दणाण | द्धडाडड | द्दणाण | ज्ञज्ञाज्ञज्ञ |

स्रोत : सम्बन्धित बालविकास केन्द्रको अभिलेख

माथिको तालिका समुदायद्वारा सञ्चालित (कोड नं. ֍ र द्य० का २ वटा बालविकास केन्द्रहरूमा शैक्षिक सत्र २०६५ मा भर्ना भएका जम्मा ३८ जना बालबालिकाहरू मध्ये जम्मा १८.४२ प्रतिशत उपलब्धि स्तर अति उत्तम, ५५.२६ प्रतिशतको उत्तम, ५.२६ प्रतिशतको मध्यम र २१. १२ प्रतिशतको सामान्य, त्यस्तै शैक्षिक २०६६ मा भर्ना भएका जम्मा ४५ जना बालबालिका मध्ये २० प्रतिशतको उपलब्धि स्तर अतिउत्तम, ४८. ८८ प्रतिशतको उत्तम, २० प्रतिशतको मध्यम र ११.११ प्रतिशतको सामान्य रहेको जानकारी उक्त बालविकास केन्द्रहरूको अभिलेखबाट प्राप्त भयो । अवलोकनको क्रममा शैक्षिक सामग्रीहरूको प्रयोग नगरिएको र अवलोकन फारम (रूजुसूची ६) मा बलबालिकाहरूलाई आवश्यक पर्ने खेलकुद, मनोरञ्जन र जिज्ञासा बढाउने खालका सामग्रीको अपर्याप्तताका कारण उपलब्धि स्तर अति उत्तममा कम देखिनु शैक्षिक सामग्रीको प्रभावकारितामा कम हुनु हो भन्ने कुरा विश्लेषणबाट थाहा हुन्छ ।

**सामुदायिक विद्यालय सञ्चालित शिशु कक्षाहरूका विद्यार्थी र उपलब्धि स्तर विवरण**

**तालिका २**

| | शैक्षिक सत्र २०६५ | | | | | शैक्षिक सत्र २०६६ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालयको नाम | उपलब्धि स्तर | | | | | उपलब्धि स्तर | | | | |
| | भर्ना संख्या | अति उत्तम | उत्तम | मध्यम | सामान्य | भर्ना संख्या | अति उत्तम | उत्तम | मध्यम | सामान्य |
| मोहना मा.वि. | घण | ज्ञण | ज्ञछ | द्ध | ज्ञ | द्घ | ठ | ज्ञज्ञ | द्ध | ज्ञ |
| पञ्चकन्या उ.मा.वि. | छण | ज्ञछ | द्द्ध | ढ | द्द | द्धड | ज्ञद्द | ज्ञड | ज्ञद्ध | द्ध |
| जम्मा | डण | द्दछ | घढ | ज्ञघ | घ | ठज्ञ | ज्ञढ | द्दढ | ज्ञड | छ |
| औषत नतिजा पतिशत | | घज्ञाद्द छ | द्धडाठछ | ज्ञटाद्दछ | घाठछ | | द्दटाठट | द्वणडठ | द्दछाघछ | ठाण्द्ध |

स्रोत : सम्बन्धित विद्यालयको अभिलेख

माथिको तालिका सामुदायिक विद्यालयहरूमा सञ्चालित शिशु कक्षाहरूमा शैक्षिक सामग्रीको प्रयोगले शैक्षिक उपलब्धि स्तर कस्तो छ भनि विद्यालय प्रशासनबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषण गर्दा शैक्षिक सत्र २०६५ मा मोहना मा.वि. र पञ्चकन्या उ.मा.वि.मा गरी कूल बालबालिका भर्ना संख्या ८० जना रहेकोमा उनीहरूमा भएको सीप र बोध सहितको विकास एवं शैक्षिक उपलब्धिलाई आधार मानी शिक्षिका एवम् विद्यालय प्रशासनले गुणात्मक किसिमको उपलब्धि स्तर वर्गीकरण गरिएको मा अति उत्तममा ३१.२५ प्रतिशत, उत्तममा ४८.७५ प्रतिशत, मध्यमा १६.२५ प्रतिशत र सामान्यमा ३.७५ प्रतिशत नतिजा रहेको पाइयो । त्यस्तै शैक्षिक सत्र २०६६मा दुवै कक्षाका कूल बालबालिकाहरूको भर्ना संख्या ७१ जनामा अतिउत्तममा २६.७६ प्रतिशत, उत्तममा ४०.८७ प्रतिशत, मध्यममा २५.३५ प्रतिशत र सामान्यमा ७.०४ प्रतिशत रहेको प्राप्त तथ्यांकबाट जानकारी भएको पाइयो ।

**संस्थागत विद्यालयमा सञ्चालित नर्सरी कक्षाहरूका विद्यार्थी र शैक्षिक उपलब्धि विवरण**

**तालिका ३**

| | शैक्षिक सत्र २०६५ | | | | | | शैक्षिक सत्र २०६६ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालयको नाम | उपलब्धि स्तर | | | | | | उपलब्धि स्तर | | | | |
| | भर्ना संख्या | अति उत्तम | उत्तम | मध्यम | सामान्य | | भर्ना संख्या | अति उत्तम | उत्तम | मध्यम | सामान्य |
| एकता शिशु निकेतन | द्धड | घण | ज्ञद्द | छ | ज्ञ | | छद्द | घट | ज्ञज्ञ | द्ध | ज्ञ |
| शिक्षा विकास उ.मा.वि. | द्धछ | द्दछ | ढ | ड | घ | | द्धद्ध | ज्ञढ | द्दण | घ | द्द |
| जम्मा | ढघ | छछ | ज्ञज्ञ | ज्ञघ | द्ध | | ढट | छछ | घज्ञ | ठ | घ |
| औषत नतिजा प्रतिशत | | छढाज्ञ घ | द्दद्दाडद्द | ज्ञघाढठ | द्धाद्दण | | | छठाद्दढ | घद्दाद्दढ | ठाद्दढ | घाज्ञद्द |

स्रोत : सम्बन्धित विद्यालयको अभिलेख

माथिको तालिकाबाट संस्थागत विद्यालयहरूमा सञ्चालित नर्सरी कक्षामा शैक्षिक सामग्रीहरूको प्रयोगले बालबालिकाहरूको सिकाइ उपलब्धि एवं प्रभावकारिता कस्तो रहेछ भनि विद्यालय प्रशासनबाट प्राप्त तथ्याङ्कहरूको अध्ययन एवं विश्लेषणगर्ने क्रममा शैक्षिक सत्र २०६५ मा एकता शिशु निकेतन र शिक्षा विकास उ.मा.वि. मा बालबालिका भर्ना संख्या ९३ जना रहेकोमा उनीहरूको ज्ञान, सीप र बोध सहितको चोतर्फी विकास एवं शैक्षिक उपलब्धिलाई आधार मानि विद्यालयले गुणात्मक मूल्यांकन गरी उपलब्धि स्तरलाई निर्धारण गरी कूल संख्याको अति उत्तममा ५९.१३ प्रतिशत उत्तममा २२.८२ प्रतिशत, मध्ययममा १३. ९७ प्रतिशत र सामान्यमा ४.२० प्रतिशत रहेको विद्यालयको अभिलेखबाट प्राप्त भयो । त्यस्तै शैक्षिक २०६६मा दुवै विद्यालयमा जम्मा भर्ना संख्या ९६ जना भएकोमा अति उत्तममा ५७.२९ प्रतिशत, उत्तममा ३२.२९ प्रतिशत,मध्यममा ७.२९ प्रतिशत र सामान्यमा ३.१२ प्रतिशत रहेको पाइयो ।

पूर्व प्राथमिक तहमा शैक्षिक सामग्रीको प्रभावकारितालाई माथिका ३ वटै तालिकामा उल्लेखित तथ्याङ्को विश्लेषण गर्दा तलिका नं. १ मा रहेका समुदायबाट सञ्चालित लालपर्सा बालविकास केन्द्र र ज्योतिर्मय बालविकासका बालबालिकाहरूको उपलब्धि स्तर विभाजनलाई गुणात्मक किसिमले हेर्दा अत्यन्त न्यून रहेको पाइयो । समुदायिक विद्यालयमा सञ्चालित शिशु कक्षाको

उपलब्धि स्तर तालिका नं. २ अनुसार शैक्षिक सामग्रीको प्रयोग तुलनात्मक रूपमा बढेको देख्न सकिन्छ । त्यस्तै संस्थागत विद्यालयमा सञ्चालित नर्सरी कक्षाहरूमा एकता शिशु निकेतन र शिक्षा विकास उ.मा.वि.को उपलब्धि स्तरलाई विश्लेषण गर्दा बालविकास केन्द्र र सामुदायिक विद्यालयमा सञ्चालित शिशु कक्षाहरूको तुलनामा शैक्षिक सामग्रीको प्रयोगले उपलब्धि स्तर उच्च रहेको तथ्यलाई वस्तुगत रूपमा विवेचना गर्न सकिन्छ । अति उत्तम उपलब्धि स्तर दुवै बालविकास केन्द्रहरूको औषतमा १९.२१ , सामुदायिक विद्यालय तर्फ २९.०५ प्रतिशत र संस्थागत विद्यालयको ५८.२१ देखिनुमा शिक्षाको आधार मानिने बाल कक्षाहरूमा रुचिपूर्ण, मनोरञ्जनात्मक, आधुनिक एवम् वैज्ञानिक किसिमका मानिएका श्रव्य र श्रव्यदृश्य सामग्रीहरू जस्तै चार्ट, नक्सा, चित्र, फ्लाटिनवोर्ड, टि.भि. भिडियो, सिनेमा आदिको प्रयोगले  सिकाइ अर्थपूर्ण, व्यवहारिक, एवम् वैज्ञानिक हुन्छ भन्ने कुरामा कुनै द्विविदा छैन ।

### ४.१.३ शिक्षण विधिमा प्रभाव

शैक्षिक सामग्री शिक्षणको ऐन हो । मुख्यत शिक्षण विधिहरू शिक्षक केन्द्रित र विद्यार्थी केन्द्रित नै हुन् । पूर्व प्राथमिक तहमा शिक्षण गर्दा बालकेन्द्रित विधि सर्वोत्कृष्ट ठहर्छ । शिक्षक प्रेरणाको स्रोत रहन्छ र शैक्षिक सामग्रीको प्रदर्शन मनोरञ्जनात्मक किसिमले गरी कलिला बालबालिकाहरूको मानपटलममा महत्वपूर्ण कुराहरूको ज्ञान, दिर्घकालीन रूपमा रहने गरी विजारोपण हुन्छ ।

अनुसूची ३ का प्र.अ. का लागि खुला प्रश्नावलीमा पञ्चकन्या उ.मा.वि. का प्र.अ. सँग गरिएको अन्तरवार्ताबाट सामुदायिक विद्यालयहरूमा संस्थागत विद्यालयको तुलनामा शिशु कक्षाहरूमा शिक्षण विधि एक रूपता भएता पनि शैक्षिक उपलब्धि कम नै रहेको पाइयो । शैक्षिक सामग्रीले शिक्षण विधिमा पार्ने प्रभाव सम्बन्धी पनि कुनै थप अनुभव प्राप्त गर्नु भएको छ ? भन्ने प्रश्नका उत्तरमा उहाँको धारणा यसप्रकार रहेको छ  ।

प्रा.वि. तहका लागि सञ्चालित सबै विद्यालयका लागि तालिम कार्यक्रमको लगत्तै पछिका केही समय शैक्षिक सामग्रीको प्रयोग र विद्यार्थीका  सिकाइ  क्रियाकलापमा उपलब्धिमूलक भएको अनुभव गरेको थिएँ । हरेक कार्यक्रमको उद्देश्य सकरात्मक भएतापनि कार्यान्वयन पक्ष सरकारी

नीति एवम् कार्यान्वयन पक्षका कमजोरीका कारण र स्वयं शिक्षकका कारण उपलब्धि स्तरमा कमी आएको देखिन्छ । शिक्षक र निजामति कर्मचारी बीच रहेका सेवा सुविधाको विभेद, शिक्षक नियुक्ति प्रक्रिया, राजनीतिक शक्तिहरूको शिक्षा प्रतिको दृष्टिकोण, निजी शिक्षण संस्था स्थापनाका निम्ति प्रोत्साहन वा धनी र गरीव बीचको विभेदकारी शिक्षा नीति र परनिर्भर शैक्षिक योजना आदि धेरै पक्षहरू शैक्षिक सामग्री प्रयोग हुनु वा नहुनुसँग प्रत्यक्ष वा परोक्ष रूपमा जिम्मेवार भएको अनुभव गरिएको छ । जेहोस् एउटा जिम्मेवार शिक्षकले आफ्ना शैक्षणिक क्रियाकलापमा शैक्षिक सामग्रीको उपयोगलाई अधिक रूपमा प्राथमिकता दिनै पर्दछ र एउटा शैक्षिक प्रशासकले आफ्ना मातहतका शिक्षकहरूलाई शैक्षिक सामग्रीको प्रयोगको निम्ति उत्प्रेरित गर्नैपर्दछ । मैले शैक्षिक सत्र  २०६७ को प्रारम्भमा नै सबै विषय शिक्षकहरूलाई आफै वा विद्यार्थी मार्फत निर्माण र संकलन गर्न सकिने शैक्षिक सामग्रीको व्यवस्थापन गर्न र खरिद गर्नुपर्ने शैक्षिक सामग्री सूची विद्यालय प्रशासनमा मागपत्र मार्फत पेश गर्न निर्देश गरिसकेको छु । जसका कारण शिक्षण विधिमा थप अपेक्षित र सकरात्मक प्रभाव पर्न सकोस् ।

### ४.१.४ पाठ्यक्रमको सान्र्दभिकतामा पार्ने प्रभाव

व्यक्तिको जीवनमा पाठ्यक्रमले सहयोग पुऱ्याउन सक्यो भने यस पाठ्यक्रमलाई जीवनसँग सान्दर्भिक भएको मानिन्छ । जीवन भन्नाले मानवीय जीवनलाई बुझ्नु पर्दछ । यस मानवीय जीवनलाई दार्शनिक, मनोवैज्ञानिक, शिक्षाविद् सबैले आफ्नै किसिमबाट परिभाषा दिएको पाइन्छ । जीवन प्रतिको सबैको धारणा, दृष्टिकोण र विचार एउटै छैन र हुँदैन पनि समाज सामान्य र सरल हुँदा सम्म शिक्षामा पाठ्यक्रमको सान्र्दभिकतालाई त्यति धेरै ध्यान दिइएको थिएन । जब समाज जटिल बन्दै गयो व्यक्ति र समाजका आवश्यकता पनि बढ्दै गए । यस जटिल समाजका आवश्यकताहरू शिक्षाले पुरा गरिदिनु पर्ने भयो । शिक्षाले यस्ता आवश्यकता पुरा गरिदिने भनेको व्यक्ति र समाजको आवश्यकता पुरा गर्ने पाठ्यक्रम हुनुपऱ्यो भनेको हो । पाठ्यक्रम जविनसँगको सान्दर्भिकता बुझ्नको लागि निम्न २ वटा प्रश्नहरूको उत्तर खोज्नु पर्दछ :

क) के शिक्षाले सिकारूलाई उसका जीवनका दैनिक समस्या समाधान  गर्न सहयोग गर्दछ ?

ख) के शिक्षाले सिकारूलाई समाजको असल सदस्य बन्न  सहयोग गर्दछ ?

स्रोत : शर्मा एण्ड शर्मा (२०६१)

### ४.१.५ विद्यार्थीको सिर्जनशीलतामा पार्ने प्रभाव

पूर्व प्राथमिक तहका बालबालिकाहरूको आन्तरिक क्षमताको प्रस्फोटन गर्न र आफै गरेर सिक्ने ?भबचलष्लन दथ म्यष्लन० वानीको विकास गर्न उपयुक्त शैक्षिक सामग्रीको प्रभावकारी ढङ्गले प्रदर्शन गरी सिर्जनात्मक भावनाको विकास गराउन सकिन्छ भन्ने तथ्य छनोटमा परेका ज्योतिर्मय बालविकास केन्द्रका अभिभावकबाट व्यक्त धारणाबाट प्रष्ट भएको छ ।

रूसो ( १७१२-१७७०) का अनुसार बालक स्वयं उत्तम ग्रन्थ हो जसका प्रत्येक पृष्ठहरू पढ्न आवश्यक छ । यसको अर्थ हो- बालकका व्यक्तिगत विभिन्नता अनुसार स्वतन्त्र प्रकृतिको शिक्षण सिकाइ क्रियाकलाप हुनुपर्दछ । वार्तालाब, लेखन, चित्रकोर्ने, संगीत र खेलबाट सिकाइ ँको लागि प्राकृतिक वातावरण तयार हुन्छ । गरेर सिक्ने विधि र प्रत्यक्ष अनुभवबाट सिक्ने विधि उत्तम विधि हो । वनको काडलाई तिखार्न पर्दन भन्ने भनाइसँग प्राकृतिवादी दार्शनिक रूसोको धारणा मेल खान्छ । त्यस्तै जो. हेनरिक पेस्तालोजी (१७४६-१७२७) का अनुसार शिक्षा मानिसको जन्मजात शक्तिहरूको स्वभाविक, सामानजस्यपूर्ण र प्रगतिशील विकास हो । उनले मानिसको विकास⁄ बालविकास र बोटविरूवाको विकासलाई एउटै प्रकृतिको ठान्दछन् । ज्ञान भन्दा शक्तिको विकास हुन आवश्यक छ । उनका अनुसार सिकाइ प्राकृतिक तथा सरल देखि जटिलक्रममा हुनु पर्दछ । घोकाएर स्मरण गराउनु भन्दा निरीक्षण र खोज विधिमा शिक्षण विधि आधारित हुनु पर्दछ ।

जोन, डिवे (१८५७-१९५२) का अनुसार अनुभवको पुर्ननिर्माण नै शिक्षा हो र शिक्षा आफै जीवन हो । उनले विद्यालयलाई समाजको लघुरूप ठान्दछन् । उनकै शब्दमा सिकाइ गति, क्रियाकलाप र अनुभवबाट शुरू हुन्छ । शिक्षण सिकाइ विधिमा प्रयोगात्मक शिक्षण तथा परियोजना विधि नै सर्वोत्तम विधि हो ।

जिन पियाजे का विचारमा ३-७ वर्ष भित्रमा बालबालिकामा संज्ञानात्मक विकासका अनन्त सम्भावनाहरू हुन्छन् । यी सम्भावना अनुरूप वातावरण दिन नसके जीवनभर घाटा भोग्दछन् ।

उमेर नपुगी अथवा क्षमता भन्दा बढी सिकाउन खोज्नु र जिज्ञासा अनुरूप सिक्न नपाउनु दुवै नोक्सान पूर्ण हुने हुन्छ ।

विसौं सताब्दीको अनुभवले एकाइसौं शताब्दीको युगलाई नयाँ ढङ्गबाट तयार गर्ने दुर दृष्टि राखेको छ । यो युगलाई विज्ञान र प्रविधि लगायत उत्कृष्ट रूपको सूचना संचार प्रविधिको रूपमा समेत प्रस्तुत गर्न खोजीएको छ । त्यसकारणले शिक्षाको भूमिकामा नयाँ आयाम थपिएको छ । सोही सन्दर्भमा युनेस्कोले एकाइसौं शताब्दीको लागि शिक्षाका ४ स्तम्भहरूको सनरूपण गरेको छ जसलाई साक्षरता शिक्षाका अंगहरूको रूपमा आवश्यक ठानी साक्षरता कार्यक्रममो मार्ग निर्देशनको रूपमा स्वीकार गरिएको छ जस अनुसार शिक्षा जान्नको लागि सिक्ने, गर्नको लाग सिक्ने, बन्नका लागि सिक्ने, सह जीवनका लागि हो ।

## ४.२ शैक्षिक सामग्री निर्माण र प्रयोगका समस्या

अध्ययन छनोटमा परेका ६ वटै बालविकास केन्द्र, विद्यालयहरूमा सबै प्रकारका शिक्षण सामग्री स्थानीय स्रोतहरूको प्रयोग गरेर निर्माण एवम् संकलन गरिएको पाइएन । शिक्षा नियमावली २०५९ ले स्पष्ट किटान गरी के कस्ता शैक्षिक सामग्री विद्यालय स्वयंले र कस्ता शैक्षिक सामग्री राष्ट्रले निर्माण गरी प्रदान गर्ने भन्ने स्पष्टता नभए पनि सामान्यत केन्द्र तह र स्थानीय तह गरी २ तरिकाबाट अति आवश्यक सामग्रीहरूको निर्माण, संकलन र प्रयोग गरेको पाइयो । लालपर्सा बालविकास केन्द्र र ज्योतिर्मय बालविकास केन्द्रमा अध्यापनरत शिक्षिका स्वयं आफूले बढीमात्रामा स्थानीय स्तरका धेरै शैक्षिक सामग्रीहरू निर्माण र प्रयोग गरेको मोहना माध्यमिक विद्यालय र पञ्चकन्या उ.मावि. मा सञ्चालित शिशु कक्षाहरूमा विद्यालयले नै बढी मात्रामा शैक्षिक सामग्री उपलब्ध गरेको पाइयो भने एकता शिशु निकेतन र शिक्षा विकास उ.मावि. का नर्सरी कक्षाहरूमा सबै भन्दा बढी व्यवहारिक र वैज्ञानिक किसिमका, आकर्षक किसिमका सामानहरू उपलब्ध गराइएको साथै भौतिक एवम् शैक्षिक व्यवस्थापन पनि आकर्षक रहेको पाइयो भने ती कक्षाहरू निरीक्षण र अवलोकन भइरहने र शिक्षिका बढी जिम्मेवार भई प्रयोगात्मक एवं मनोरञ्जनात्मक रूपबाट बालबालिकाहरूलाई सिकाइ प्रक्रियामा बढी सरिक र भावनात्मक रूपले तयार गरिएको पाइयो । बाल विकास केन्द्रमा समुदायले, सामुदायिक विद्यालयहरूमा विद्यालय व्यवस्थापन पक्षले र संस्थागत विद्यालयमा सञ्चालन पक्षले नै सक्दो

रूपमा जिम्मेवारिता वहन गरेको तर माथिल्ला निकायहरूबाट शैक्षिक सामग्री प्रयोगबारे खासै उल्लेखनीय सहयोग नभएको गुनासो प्रत्यक्ष अवलोकन भ्रमणको क्रममा शिशु शिक्षिका र प्र.अ.बाट थाहा भयो ।

### ४.२.१ शैक्षिक सामग्री निर्माणमा समस्या

पूर्व प्राथमिक तहमा प्रयोग गरिने शैक्षिक सामग्री निर्माण र खरिदको लागि विद्यालयले शैक्षिकसत्रको प्रारम्भ अगाडी नै नयाँ एवम् थप सामग्री निर्माण र संकलन गर्न आवश्यक हुन्छ । आजको नयाँ प्रविधि र वैज्ञानिक युग सुहाउँदो शिक्षा प्रदान गर्नका लागि शिशुकक्षामा पढ्ने बालबालिकाहरूको लागि उपयोगी र मन लोभ्याउने खालका शैक्षिक सामग्रीहरू सम्बन्धित निकायबाट उपलब्ध नभएको तथ्य अवलोकन फारम (रूजुसूची) ६ बाट थाहा भएको छ । अध्ययनको क्रममा मुद्रित र दृश्य सामग्रीको बढी मात्रामा प्रयोग छनोटमा परेका सबै बालविकास केन्द्र र विद्यालयहरूमा पाइयो । शैक्षिक सामग्री निर्माण गर्ने क्रममा पूर्व प्राथमिक तहका बालबच्चाहरूलाई  सिकाइको उद्देश्य स्पष्ट किटान गर्न नै समस्या देखिने भएकोले विषयवस्तु अनुसारको शैक्षिक सामग्री पहिचान गर्ने समस्या रहेकोले प्रारम्भमा नै आवश्यक मात्रामा सामग्री निर्माण हुन सक्ने, सम्पूर्ण शैक्षिक सामग्रीको लागत बढी हुने र विद्यालयले संकलन एवम् खरिद गर्न कठिनाइ हुने, सामग्री छनोट कार्यमा समेत समस्याहरू आइपर्ने प्राप्त जानकारीको आधारमा थाहा भयो । त्यस्तै स्थानीय स्तरमा सर्वसुलभ किसिमबाट उपलब्ध हुन नसक्ने तर अत्यावश्यक भइरहने कतिपय शैक्षिक सामग्रीहरू जो यातायात र सञ्चारका सुविधाबाट टाढा रहेका हुन्छन्, त्यस्तै भू- धरातलले पार्ने प्रभावका कारण पनि शैक्षिक सामग्री निर्माणमा समस्या रहेको अध्ययनबाट थाहा भएको छ । सरोकारवलाहरूले शैक्षिक सामग्रीको औचित्यता बुझ्न नसक्नाका कारणले र तालिम कार्यशाला गोष्ठी सेमिनारमा कम सहभागिता देखिएकोले शैक्षिक सामग्री निर्माणमा समस्या देखा परेको नमूना छनोटमा परेका बालविकास केन्द्र, सामुदायिक र संस्थागत विद्यालयहरूको स्थलगत अवलोकन भ्रमणबाट अनुभूति भयो ।

### ४.२.२ शैक्षिक सामग्री प्रयोगमा समस्या

एउटा असल कलाकारको हातमा विग्रेको वाद्य यन्त्र पनि ठिकसँग बज्दछ भनेझैं एउटा कुशल शिक्षकले आफ्ना बालबालिकाहरूको मनोभावना बुझी भएका शैक्षिक सामग्रीलाई बुद्दिमानी पूर्वक प्रयोग गरी आकर्षक वातावरणमा सहज तरिकाले सन्तुष्टि प्रदान गर्न सक्दछ । शिक्षक प्रेरणाको स्रोत, ज्ञानको केन्द्रविन्दु हुने भएकोले शैक्षिक सामग्री प्रयोग गर्ने क्रममा तालिमप्राप्त हुन आवश्यक ठहर्छ । बालबालिकामा पढ्न, लेख्न, बोल्न जिज्ञासा उत्तपन्न गराउने विषयमा शिक्षिका सदैव चतुर रहनै पर्दछ । भावनात्मक रुपमा यी सबै कुराहरूको जानकारी हुँदा हुँदै पनि शैक्षिक सामग्री प्रयोगको समस्याको सम्बन्धमा नमूना छनोटमा परेको सामुदायिक विद्यालय श्री मोहना मा. वि. का शिक्षिकाको अनुसार शिक्षिकाको शिक्षक विद्यार्थी अनुपात बढी हुनु, कक्षाकोठाको आकार सागुरो हुनु ,पुनर्ताजकी तालिमको अभाव, विषयवस्तुसँगको तालमेलमा समस्या,उपयुक्त समय छनोटको समस्या, विद्यार्थीको रुचि पहिचान सम्बन्धी समस्या आदि भएको थाहा भयो ।

### ४.२.३ शैक्षिक सामग्री व्यवस्थापनमा देखिने समस्या

संकलन गरिएका शैक्षिक सामग्रीको उचित तवरले चुस्त दुरूस्त राख्नु नै शैक्षिक सामग्रीको व्यवस्थापन हो । कुन- कुन शैक्षिक सामग्री कसरी र कस्तो ठाउँमा राख्नाले नविग्रन र खेर नजान सक्छ । कक्षाकोठामा रहेका भौतिक सामग्री, शैक्षिक सामग्री, खेलकूल एवम् मनोरञ्जनका सामग्रीहरू आकर्षक एवम् सजिसजावट किसिमले व्यवस्थापन गर्न नसक्नु पूर्व प्राथमिक कक्षाको ज्वलन्त समस्या हो । यसै सन्दर्भमा प्रत्यक्ष अवलोकन भ्रमणको क्रममा सामुदायिक र संस्थागत विद्यालयहरूमा बालबालिकाहरूको चाप बढी भएको अनुपातमा शिक्षिकाको व्यवस्था भएको तर बालविकास केन्द्रहरूमा भने बालबालिकाको संख्या न्यून रहेको, शैक्षिक सामग्री पनि आवश्यक मात्रामा नदेखिएको र तिनीहरूको व्यवस्थापन एवम् भण्डारण पनि सन्तोषजनक किसिमको पाइएन । यसरी तुलनात्मक रूपमा अध्ययन गर्दा निजी तवरमा सञ्चालित संस्थागत विद्यालयहरूमा केही कडा नीति नियम देखिएकोले सिकाइ को आधार मानिने नर्सरी कक्षामा शैक्षिक सामग्रीको व्यवस्थापन उच्च रहेको र लचिलो खालको प्रशासनिक ढाँचा भएका सामुदायिक विद्यालयमा सञ्चालित शिशु कक्षाहरूमा प्रसस्त रूपमा सामग्री भएता

पनि उचित व्यवस्थापन हुन नसक्नाले उपलब्धि स्तरमा पनि निकै अन्तर आएको पाइन्छ, जुन तालिका नं. १,२ र ३ मा प्रस्तुत गरिएको छ ।

एक पटक प्रयोग भइसकेका कतिपय शैक्षिक सामग्रीलाई पुन प्रयोगमा ल्याइरहनु पर्ने हुन्छ तर तिनै सामग्री त्यही किसिमले प्रदर्शन गर्न नसक्दा बालबालिकाहरूमा वितृष्णा पैदा हुन्छ । पहिलो पटक प्रयोग भएको शैक्षिक सामग्री क्षति भइसकेको हुनसक्ने केही न केही मात्रमा देख्न सकिन्छ जसको कारण बालबालिकाहरूमा जिज्ञासा र मनोरञ्जनको मात्रा घटेको अनुभव हुनसक्छ । त्यस्तै पहिलो पटक प्रयोग गरिएका शैक्षिक सामग्री दोस्रो पटकको लागि सान्दर्भिक नहुन सक्छ र यसबारे शिक्षिकाले बालबालिकाको मनोभावना बुझी पुन प्रयोगको सार्न्दभिकता कत्तिको हुनसक्छ यसमा चातुर्यता अपनाउनुपर्ने देखिन्छ । पहिलो पटक प्रयोग गरिएको स्थान र दोस्रोपटक प्रयोगगरिएको स्थानबाट पनि समस्या उत्तपन्न नहुन सक्छ भन्न सकिन्न । प्रत्यक्ष अवलोकन भ्रमणको क्रममा शिशु शिक्षिकाहरूबाट शैक्षिक सामग्रीको पुन प्रयोग गर्दा वातावरण अनुकुल नहुन सक्छ र समय सापेक्ष बाल मनोविज्ञान बुझेर अपेक्षित उपलब्धि हासिल गर्न समस्या देखिन सक्छ भन्ने कुरा सरोकारवालाहरूसँगको विश्लेषणबाट थाहाभएको छ ।

### ४.३ शैक्षिक सामग्रीको प्रयोग बढाउने  उपायहरू

पूर्व प्राथमिक तहमा शैक्षिक सामग्रीको प्रभावकारिता बृद्धि गर्न विभिन्न उपायहरू बुझ्ने मनसायले छनोटमा परेका बालविकास केन्द्र/विद्यालयका अभिभावक, शिशु शिक्षिका, वि.व्या.स. अध्यक्ष र प्र.अ. हरूलाई विभिन्न प्रश्नहरू सोधिएको थियो र यसको प्रयोग र प्रभावकारीताबारे उनीहरूले औल्याएका मूल पक्षहरू तालिम प्राप्त योग्य शिक्षिकाहरूको व्यवस्था, भौतिक पूर्वधारहरूको विकास, शिक्षिकाहरूलाई सुविधा प्रदान, अतिरिक्त क्रियाकलापहरूको आयोजना, शैक्षिक सामग्रीहरूको निर्माण, दण्ड र पुरस्कारको प्रावधान, कार्यक्रमको अनुगमन र मूल्यांकन शिक्षिकाहरू एवम् बालबालिकाका अभिभावकहरूलाई अभिमुखीकरण कार्यक्रम आदि थियो । वर्तमान परिप्रेक्ष्यमा शैक्षिक सामग्रीको निर्माण, संकलन र प्रयोगमा प्रभावकारिता बृद्धि गर्न उनीहरूको प्रतिउत्तर निम्नानुसार थियो ।

### ४.३.१ आवश्यक स्रोत र सामग्रीको व्यवस्था

क) बालबालिकाहरूलाई उत्प्रेरित गर्ने किसिमका शैक्षिक सामग्रीको विवरण तयार पर्न सकिन्छ ।

ख) शैक्षिक सामग्री निर्माणमा केन्द्रिय स्तरबाट नै आवश्यक पहल गर्न सकिन्छ ।

ग) खेलकूदका सामग्रीहरूको व्यवस्था गर्न सकिन्छ ।

घ) शैक्षिक सामग्री निर्माण गर्न शिक्षिकाहरूलाई आवश्यकता अनुसार तालिमको व्यवस्था गर्दा राम्रो हुन्छ ।

ङ) शिशु शिक्षिकाहरूलाई शैक्षिक सामग्री निर्माणमा प्र.अ. एवम् विद्यालय व्यवस्थापनले सहयोग र प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

च) प्रभावकारी रूपमा शैक्षिक सामग्रीहरूको निर्माण र प्रयोग गर्ने शिक्षिकाहरूलाई उचित पुरस्कारको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

छ) बालविकास केन्द्र/ विद्यालय, अभिभावक र शिक्षिकाहरूबीच समन्वय ल्याउनु पर्ने देखिन्छ ।

ज) स्थानीय स्तरबाट शैक्षिक सामग्री निर्माण गर्न जोड दिंदा राम्रो हुन्छ ।

झ) योजनावद्ध रूपमा महगां एवम् अतिआवश्यक सामग्रीहरूको खरिद् व्यवस्था मिलाई तिनीहरूको लागत राख्दा राम्रो हुन्छ ।

ञ) अध्यापनरत शिशुशिक्षिकाहरूको आफ्नो परिवारलाई आर्थिक संकट नहुनेगरी राज्यले सेवासुविधाको व्यवस्था गरी सेवाप्रति लगनशील हुने वातवरण तय गनुपर्ने देखिन्छ ।

ट) शैक्षिक सामग्रीको निर्माण र प्रयोग भए नभएको, सुपरिवेक्षण र अनुगमनको प्रभावकारी व्यवस्था सम्बन्धित निकायहरूबाट मिलाउनु पर्ने देखिन्छ ।

ठ) सम्बन्धित निकायलाई आवश्यक शैक्षिक सामग्रीको जानकारी समयमै बोध गराइराख्नु पर्ने देखिन्छ ।

### ४.३.२ तालिम प्राप्त र योग्य शिक्षिकाको व्यवस्था

क) शिक्षा सेवा आयोगबाट नियमित रूपमा पूर्व प्राथमिक तहको लागि शिक्षिका छनोट गर्नुपर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

ख) शिक्षिकाहरूलाई विशेष र अतिरिक्त तालिमको व्यवस्था गरिनु पर्दछ ।

ग) पुनर्ताजकी तालिम एवम् अभिप्रेरणामुखी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

घ) योग्य उत्साही तथा वौद्धिक ममतामयी व्यक्तित्वले सेवा गर्ने पहिलो क्षेत्र बनाइनु पर्ने देखिन्छ ।

### ४.३.४ बालविकास केन्द्र एवं विद्यालयको भौतिक पूर्वाधार विकासको व्यवस्था

क) केन्द्र/ विद्यालय, भवन र कक्षाकोठाको निर्माण व्यवस्थित ढङ्गले गर्नुपर्दछ ।

ख) विद्यालयको कम्पाउण्ड वरिपरि पर्खाल लागउनु पर्दछ ।

ग) बालबालिकाहरूलाई सफा पिउने पानी र प्राथमिक उपचारको व्यवस्था गरिनु पर्दछ ।

घ) प्रसस्त क्षेत्र भएको खेल मैदान, सफा चर्पी, पिङ्ग र बगैंचाको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

ङ) बालबालिकाहरूलाई आराम गर्ने खाट, कपडा, कार्पेट, सुकुल आदिको व्यवस्था गरिनु पर्ने देखिन्छ ।

च) शैक्षिक सामग्री निर्माण र प्रदर्शन कक्षको छुट्टै व्यवस्थापन गरिनु पर्दछ ।

### ४.३.५ दण्ड र पुरस्कारको व्यवस्था

क) विद्यालयको नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्था गर्नु पर्ने ।

ख) समयपालना, नियमितता, शिशुहरू प्रतिको प्रेमभाव उपलब्धि स्तरलाई आधार मानी पुरस्कृत गर्नु पर्ने ।

### ४.३.६ शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायको खोजी

बालकालिकाहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के के गर्नु पर्ला भनी छनौट गरिएका कालविकास केन्द्र, सामुदायिक एवं संस्थागत विद्यालयहरूका प्र.अ., शिशु, शिक्षिका, वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावकलाई सोधिएको प्रश्नावली र प्रत्यक्ष अन्तरवार्ताबाट निम्न उपायहरू व्यक्त गरेको पाइयो :

क) बालबालिकाको मनोविज्ञान वुझी उनीहरूको रुचि, क्षमता र उमेर अनुसारको शैक्षणिक क्रियाकलापमा सम्लग्न गराउने ।

ख) बालकेन्द्रित शिक्षण विधिको प्रयोगको निम्ति आवश्यक पर्ने शैक्षिक सामग्रीहरू स्थानीय वजार एवम् केन्द्रबाट उपलब्ध गराई यसको प्रयोगमा जोड दिने ।

ग) बालविकास केन्द्र/सामुदायिक एवम् संस्थागत विद्यालयहरूले विद्यालय व्यवस्थापन समिति, अभिभावक एवं शिक्षिका बीच समय समयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।

घ) शिक्षिका र बालबालिकाको उपस्थिति नियमित हुनुपर्ने ।

ङ) अभिभावकलहरूले आफ्ना बालबालिकालाई घरमा सिकाइ , सिर्जनशीलता, सरसरसफाई, बोलीचाली एवम् राम्रा बानीहरू निर्माणका लागि अनुकुल वातावरण मिलाउनु पर्ने ।

च) शिशु कक्षामा खेल तथा मनोरञ्जनका साधनहरू अधिकतम परिचालन गर्ने ।

छ) शैक्षिक क्रियाकलापमा प्रयोग गरिने सामग्रीहरू निर्माण गर्ने क्रममा सम्भव भए बालबालिकालाई पनि सहभागी गराउने ।

ज) सम्बन्धित निकायहरू जि.शि.का., विद्यालय प्रशासन, व्यवस्थापन समतिबाट अनुगमन र मूल्यांकन गर्ने क्रम बढाउन जोड दिने ।

झ) शिक्षिकाको तुलनामा बालबालिकाको अनुपात बढी देखिएकोले थप शिक्षिकाको व्यवस्था गर्नु पर्ने ।

ञ) बच्चाहरूको हौसला बृद्धि गर्न उनीहरूले असल क्रियाकलाप प्रदर्शन गरेवापत स्यावासी, ताली, मिठाई, चक्लेट दिने जस्ता उत्प्रेरणा बढाउने खालका उपायहरू निरन्तर अवलम्बन गर्ने ।

ट) बालबालिकाहरूमा नकरात्मक संवेगहरू ( जस्तै रूने, डराउने, तसर्ने, भाग्ने) उत्पन्न हुने वातावरणको अन्य गर्ने ।

# परिच्छेद पाँच :
# प्राप्ति, निस्कर्ष र सुझाव

## ५.१ प्राप्ति

शिक्षा नै मावन विकासको लागि सबैभन्दा महत्वपूर्ण पक्ष हो भन्ने भनाइ सर्वमान्य भएको छ । शिक्षाको थालनी घरपरिवार हुँदै पूर्वप्राथमिक तहबाट क्रमशः शुरूहुँदै जान्छ । सिकाइको लागि असल बानिहरूको विकास, सिर्जनशील भावना, असल र खराब कुराहरू बीच फरक छुट्याउने जस्ता प्रारम्भिक ज्ञान आर्जन गर्ने स्थान नै पूर्व प्राथमिक तह हो र यसको लागि उचित वातावरण प्रदान गर्ने जिम्मेवार पक्षहरू अभिभावक, समाज, विद्यालय, सरकार, बालबालिकाका लागि समयमैं सचेत रहनु पर्दछ र कुनै एकको प्रयासले मात्र उनीहरूको भविष्य उज्जल हुन सक्दैन भन्ने यस अध्ययनको निष्कर्ष हो । पूर्व प्राथमिक तहमा शैक्षिक सामग्रीको प्रभावकारिता शीर्षकको यो शोधपत्रमा सामुदायद्वारा सञ्चालित बालविकासकेन्द्र, सामुदायिक विद्यालयमा सञ्चालित शिशु कक्षा र संस्थागत विद्यालयमा सञ्चालन गरिएका नर्सरी कक्षाहरूमा सरल, आकर्षक मनोरञ्जनात्मक शैक्षिक सामग्रीहरू र खेल विधिबाट बालबालिकाहरूलाई अध्यापन गराउँदा उनीहरूको सिकाइ उपलब्धिमा पर्ने प्रभाव पत्ता लगाउने, पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्री प्रयोगका समस्या पहिचान गर्ने र शैक्षिक सामग्रीको प्रयोगबाट सिकाइमा हुने सुधारात्मक उपायको खोजी गर्ने उद्देश्यहरू राखिएको थियो ।

अध्ययनको क्रममा विभिन्न शिक्षाविद्, समाजशास्त्री, मनोवैज्ञानिकहरूको लेख, रचना, पत्रपत्रिका, छनौट गरिएका विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, अभिभावक, शिशु शिक्षकहरूसँग गरिएको प्रत्यक्ष अन्तरवार्ता, प्रश्नावली र कक्षाकोठाको अवलोकनको क्रममा प्रभावकारी शैक्षिक सामग्री उपलब्ध गराइएका पूर्व प्राथमिक कक्षाहरूमा बालबालिकाहरूको सिकाइ प्रतिको रुचि, जिज्ञासा, उमङ्ग, सिर्जनशीलता र कम शैक्षिक सामग्री प्रयोग गरिएका शिशु कक्षामा भने बच्चाहरूमा निरास, अल्छ्याइ, दिग्दारी, छट्पटी, निन्द्रा, अधैर्यताबाट उनीहरूको उपलब्धि स्तरलाई शैक्षिक सामग्रीको प्रयोग र अप्रयोगले फराकिलो भिन्नता देखाएको अध्ययनबाट प्राप्त भयो ।

यस अध्ययनको सैद्धान्तिक खाका मन्टेसरी र फ्रोवेलद्वारा प्रतिपादित किण्डर गार्टन विधि अनुरूप नै रहेको भएतापनि शिक्षित र उच्च वर्गका परिवारका बालबालिकाहरूमात्र संस्थागत विद्यालयमा जाने गरेको र त्यस्ता विद्यालयहरूले अभिभावकहरूको लगानीको प्रतिफल दिन आधुनिक प्रविधिका शैक्षिक सामग्रीको प्रयोग व्यवस्थापन पक्षबाट सुपरिवेक्षण, अनुगमन र मूल्यांकन निरन्तर भइरहेको र शिशु शिक्षिकाहरूले प्रेरणादायी भूमिका निर्वाह गरेकै कारण

बच्चाहरूको उपलब्धि स्तर तुलनात्मक रूपमा उच्च रहेको र न्यून आय भएका दलित, जनजाति, पिछडिएका अभिभावकहरूले बालविकास केन्द्रमा र सामुदायिक विद्यालयमा आफ्ना बच्चाहरू पठाउने गरेको, शिशु शिक्षिकाहरूलाई तालिम, पुनर्ताजकि तालिम, पुरस्कार वा दण्ड, सेवा सुविधा, शैक्षिक सामग्रीको व्यवस्थापन कमजोर, प्रशासनिक ढाँचा फितलो भएकै कारण बालबालिकाहरूको  सिकाइ  उपलब्धि स्तर कम रहको परिच्छेद ४ को तालिका नं. १,२ र ३ को तथ्याङ्क विश्लेषणमा देखाइए अनुसार पूर्व प्राथमिक शिक्षामा शैक्षिक उपलब्धि स्तर बृद्धि गर्ने प्रमुख साधन नै शिक्षिका र उनले शिक्षण क्रियाकलापमा प्रयोग गर्ने विधि र शैक्षिक एवम् खेलकुदका सामग्री नै हुन भन्ने आम धारणा प्राप्त भयो ।

## ५.२ निष्कर्ष

मानिसको आन्तरिक शक्तिहरूको स्वभाविक क्रमिक र प्रगतिशील विकास नै शिक्षा हो । मानव विकासका लागि सबै भन्दा महत्वपूर्ण पक्षको रूपमा लिइने शिक्षालाई आर्थिक, सामाजिक उन्नति प्राप्तीको लागि आवश्यक जीवन उपयोगी सीप, ज्ञान तथा अनुभव बढाउनका लागि मानिसहरूको सामर्थ्य बृद्धि गर्ने एक शक्तिको रूपमा लिने गरिन्छ । व्यक्ति, समाज र राष्ट्रका लागि शिक्षा सबैभन्दा बढी महत्वपूर्ण प्राथमिकताहरू मध्येको एक हो । तसर्थ नेपाल जस्तो अल्पविकसित राष्ट्रको मुख्य लक्ष्य नै शिक्षा विकासको माध्यमबाट गरिवी निवारण हुँदै आएको छ र यस तथ्यालाई दातृ राष्ट्रहरूबाट पनि लगातार सुदृढीकरण गर्ने काम भएको छ। विश्वभरि शैक्षिक उपलब्धि बृद्धि गर्नाको खाँतिर विभिन्न प्रयासहरू जारी छन् । आधुनिक र प्रविधि युक्त शिक्षाले विश्व अहिले एउटा गाउँमा परिणत भइरहेको अवस्थामा शिक्षा क्षेत्रमा नयाँ शैक्षिक प्रविधि प्रयोग गर्दा विश्वसामु व्यक्तिको वैयक्तिक अधिकार एवम् बालबालिकाको समावेशी अभियानले मात्र  सम्भव हुन जान्छ । पूर्व प्राथमिक शिक्षा नै व्यक्तिको जीवन विकासको आधारशीला हो ।

अवैज्ञानिक, अव्यवहारिक र दैनिक जीवनका समस्याहरूसँग नजोडिएको शिक्षा व्यक्ति, समाज, राष्ट्र र विश्व समुदायले शिक्षामा गरेको श्रम र लागनीको खरानी हो । शिक्षालाई यस किसिमको खतराबाट जोगाउन शिक्षामा रहेका अनेकौं समस्याहरूको पहिचान गरी शिक्षालाई समय सापेक्ष सामाजिक र व्यक्तिगत आवश्यकता पूर्तिको एवम् सामाजिक चाहना, रुचि र

मनोकाङ्क्षा पूर्तिको साधन वनाउनुपर्दछ । दैनिक जीवनका समस्यासँग नगाँसिएको शैक्षिक क्रियाकलाप एकातिर आँधी अर्कोतिर झोलुङ्गो बन्न पुग्छ । शिक्षा क्षेत्रमा विभिन्न कार्यक्रम, अभियान र योजनाहरू आए तापनि यसका विभिन्न अवरोध तथा सीमाहरू विद्यमान छन् । राज्यले सबैका लागि शिक्षा, निशुल्क शिक्षा, प्रौढ शिक्षा, विशेष शिक्षा समावेशी शिक्षा समाहित शिक्षा जस्ता विभिन्न कार्यक्रम एवं योजनाहरू ल्याए पनि अत्यधिक विद्यार्थी चाप, भौतिक पूर्वाधारको कमी विद्यालयको पहुँच, पछौटेपन जस्ता मूलभूत पक्षको अभावका साथै सर्वसुलभ गरिनु पर्ने पुस्तक, शिक्षक निर्देशिका पाठ्यक्रम, स्वाध्ययन सामग्री दृष्य, श्रब्यदृष्य , मुद्रित एवम् अप्रकाशित शैक्षिक सामग्रीहरूको बढी भन्दा बढी प्रयोग गरी, तालिम प्राप्त योग्य एवं अनुभवी शिक्षिकाको नियुक्ति गरी समग्र बालबालिकाको रुचि, क्षमता र उमेरसँग मेल खाने गरी उनीहरूमा ज्ञान, सीप र धारणाको अभिबृद्धि हुने कुरामा दुईमत छैन ।

यस अध्ययनमा पूर्व प्राथमिक तहमा शैक्षिक सामग्रीको प्रभावकारी ढङ्गले उपयोग गरी बालबालिकाहरूको उपलब्धि स्तर कसरी बृद्धि गर्न सकिन्छ ? शैक्षिक सामग्रीको निर्माण र प्रयोगको समस्याहरू के के हुन् ? शैक्षिक सामग्रीको निर्माण र प्रयोगका निमित्त गर्नु पर्ने सुधारात्मक उपायहरू के के हुन सक्छन् ? जस्ता शोध प्रश्नहरूमा केन्द्रित थियो । पूर्व प्राथमिक तहमा शैक्षिक सामग्रीको प्रभावकारिता कति छ भन्ने जानकारी लिने उद्देश्यले चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. ६ र ७ मा समुदायबाट संचालित २ वटा बालविकास केन्द्रहरू, वडा नं. ६ र १३ मा रहेका २ वटा सामुदायिक विद्यालयहरूमा सञ्चालित शिशु वालकक्षाहरू र वडा नं. २ र १३ मा रहेका २ वटा संस्थागत विद्यालयमा सञ्चालित नर्सरी कक्षाहरूमा अध्ययन गरिएको थियो । विद्यालय र जनसंख्या छनोट उद्देश्य मूलक नमूना छनोट विधिमा अधारित गरिएको थियो ।

यस अध्ययनका लागि फ्रोवेल र मन्टेसरीका किण्डर गार्टन स्कुललाई आधार मानी वनाइएको थियो भने पूर्व साहित्यको पुनरावलोकन गर्न विभिन्न किसिमका लेख, रचना, अनुसन्धानहरूको अध्ययन गरिएको थियो ।

शिक्षाको आधार नै पूर्व प्राथमिक तह भएकोले यससँग सम्बन्धित पूर्व अध्ययनहरू अधुरो एवम् अपुग रहेको पाइयो । पूर्व अध्ययनको समीक्षाबाट पूर्व प्राथमिक तहमा शैक्षिक सामग्रीसँग

सम्बन्धित समस्याहरू निराकरण हुन नसकेको पाइयो । त्यसकारण शैक्षिक सामग्रीको उचित प्रयोगले शैक्षिक उपलब्धिमा पार्ने प्रभावसँग बालविकासकेन्द्र विद्यालय व्यवस्थापन पक्ष, योग्य एवम् तालिम प्राप्त शिक्षिाकालाई विशेष एवम् पुनर्ताजकी तालिम, शैक्षिक सामग्री निर्माण र प्रयोग सम्बन्धी तालिम, भौतिक पूर्वाधार समेतको अध्ययन गरिएको थियो । यस शोध पत्रमा शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरू पहिचान गरी तर्कको आधारमा निराकरणका उपायहरू पत्ता लगाई शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरू खोजी गरिएको थियो । प्राप्त भएका तथ्याङ्कहरूको व्याख्या र विश्लेषणबाट निम्नानुसारको निष्कर्ष निकालिएको छ :

क) बालविकास कोन्द्र र विद्यालयमा वार्षिक उत्सव वाहेक अन्य समयमा बालबालिकाको प्रगति वुभ्न र अन्तरक्रिया गर्न अभिभावकहरूको उपस्थिति संस्थागत विद्यालयमा कम्तिमा २ महिनामा १ पटक तर बालविकास केन्द्र र सामुदायिक विद्यालयमा भने मुस्किलले वर्षभरी एक पटक भएको पाइयो ।

ख) बालविकास केन्द्रहरूमा एउटै मात्र शिक्षिका भएको र सेवा सुविधा कम भएको ( तलब मासिक रू १८०० मात्र) ले अध्ययन कार्यमा उत्सुकता देखिएन तर सामुदायिक विद्यालयहरूमा र संस्थागत विद्यालयहरूमा शिक्षिकाहरूको बढी पारिश्रमिक (मासिक रू ६०००- ८००० सम्म) भएकोले पनि सिकाइ उपलब्धि स्तर मोहना मा.वि., पञ्चकन्या उ.मा.वि., एकता शिशु निकेतन र शिक्षा विकास उ.मा.वि.मा सञ्चालित शिशु कक्षा एवम् नर्सरी कक्षामा बढी देखिएको तथ्य तालिका नं.१,२ र ३ बाट प्रष्ट भएको छ ।

ग) अध्ययनका क्रममा शिशु शिक्षिकासँग लिइएको अन्तरवार्ताबाट उनीहरूलाई अभिमुखीकरण र शैक्षिक सामग्री निर्माण सम्बन्धी तालिमको आवश्यकता बढी भएको पाइयो ।

घ) जि.शि.का., स्रोत केन्द्रबाट एवम् सम्बन्धित सरोकारवलाबाट अनुगमन, मूल्यांकन र सुपरिवेक्षण वर्षको एक/दुई पटक मुस्किलले गरेको जसप्रति शिक्षिकाहरू असन्तुष्ट रहेको देखियो ।

ङ) लालपर्सा बालविकास केन्द्र र ज्योतिर्मय बालविकास केन्द्रहरुमा एउटा मात्रै शिक्षिका भएको, दलित, जनजाति र कमजोर आर्थिक स्थिति भएका बालबालिकाहरूलाई यस्ता केन्द्रहरूमा केवल बच्चाहरूलाई भुलाउन र समय विताउनको लागि पठाइएको पाइयो ।

च) शिक्षक निर्मित शैक्षिक सामग्रीको प्रयोग एकता शिशु निकेतन र शिक्षा विकास उ.मा.वि. का नर्सरी कक्षाहरूमा बढीमात्रामा र समुदायमा आधारित बालविकास केन्द्र र सामुदायिक विद्यालयमा सञ्चालित कक्षाहरूमा न्यून रहेको पाइयो ।

छ) शैक्षिक सामग्रीको निर्माण र प्रयोग बढी मात्रामा गर्ने एकता शिशु निकेतन र शिक्षा विकास उ.मा.वि.का बालबालिकाहरूको उपलब्धि स्तर बढी सन्तोषजनक पाइयो भने लालपर्सा बालविकास केन्द्र र ज्योतिर्मय बालविकास केन्द्रका बालबालिकाहरूको उपलब्धि स्तर ज्यादै न्यून रहेको पाइयो ।

## ५.२ सुझावहरू

खेल, शान्त वातावरण, मनोरञ्जनमा पूर्ववाल्यवस्थाका बालबालिकाहरू बढी रमाउँछन् र उनीहरूको शारीरिक, सामाजिक, वौद्धिक एवम् संवेगात्मक विकास तिव्र रूपमा हुने गर्दछ । पूर्व प्राथमिक तहमा शैक्षिक सामग्रीहरूको प्रयोगले चौतर्फी विकासमा सकरात्मक प्रभाव कसरी पार्दो रहेछ भन्ने विषयमा अध्ययन गर्ने क्रममा अध्ययन अवलोकन, अन्तरवार्ता, प्रश्नावलीहरूबाट प्राप्त सूचना जानकारी एवम् सुझावहरूको आधारमा शैक्षिक सामग्रीको प्रयोग एवम् परिचालनलाई युग र आवश्यकता अनुसार व्यवस्थित वनाई गुणस्तरीय शैक्षिक उपलब्धि प्राप्त गर्न नीति निर्माण तह, कार्यान्वयन तह र अनुसन्धान तहले खेल्नु पर्ने भूमिकालाई आफ्नो लामो समयको अध्ययन स्वरूप निम्न सुझावहरु यसरी प्रस्तुत गरिएको छ :

### नीति निर्माण तहका निम्ति

शिक्षा नै जीवनको मुख्य आधार र पूर्व प्राथमिक तह नै शिक्षाको आधारशीला वा जग भएको कारण पूर्व प्राथमिक तहमा बढीमा २० जना बालबालिका वरावर एकजना तालिम प्राप्त, शारीरिक, बौद्धिक, ममतामयी भूमिका निर्वाह गर्न सक्ने शिक्षिका  र परिचारीकाको व्यवस्था मिलाउनु पर्ने देखिन्छ । साथै बालविकास केन्द्र र सामुदायिक विद्यालयमा आधारित शिशु कक्षाका बालबालिकालाई आधुनिक, सिर्जनात्मक र मनोवैज्ञानिक खालका शैक्षिक सामग्री, स्वास्थ्य उपचार सुविधा, उनीहरूको लागि मात्रै फराकिलो खेल मैदान, वगैंचा, सफा पिउने पानीको आपूर्तिका लागि सहयोगको हात बढाउनु पर्ने देखिन्छ । शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालयलाई साथै स्थानीय प्रशासनलाई अनुगमन मूल्यांकन र सुधारका लागि पहल गर्न निर्देशन र शसक्त राख्नु पर्ने देखिन्छ । अत्यन्तै कम पारिश्रमिक उपलब्ध गराएर बालविकास केन्द्रमा अध्ययनरत शिक्षिकालाई बालबच्चालाई सिकाउन नभै भुलाउने जस्तो काम भएको योग्यता अनुसारको सरकारी सेवा सुविधा उपलब्ध गराई बालबालिकाहरूको सिकाइ उपलब्धिमा बृद्धि गर्नु पर्ने देखिन्छ ।

जिल्लामा सञ्चालन भएका बालविकास केन्द्र, सामुदायिक विद्यालय एवम् संस्थागत विद्यालयको अभिभावकत्व निर्वाह गर्ने जिम्मेवारी शिक्षा कार्यलायको भएकोले अध्ययनरत शिक्षक-शिक्षिकाहरूको ज्ञान र सीप अभिबृद्धि गर्नको लागि कम्तीमा वर्षको एक पटक पुनर्ताजकी तालिम, शैक्षिक सामग्री निर्माण अभियान चलाउनु पर्ने देखिन्छ । शिक्षकहरूको योग्यता र क्षमता  बृद्धि गरी बालबालकाहरूलाई कौशलतापूर्वक किसिमले अध्यापन गराउन कम्तीमा महिनाको एक पटक कक्षा अवलोकन गरी भइरहेको भन्दा बढी उपलब्धि हासिल गराउने उद्देश्य राखी सुधारका लागि रचनात्मक सुझावहरू दिने, परामर्श गर्ने, अभिप्रेरणा जगाउने शिक्षाका परिवर्तित नीति तथा कार्यक्रमहरूको वारेमा जानकारी, गराउने, आवश्यक शैक्षिक सामग्रीको व्यवस्थापन गराउनु बच्चाहरूको बीच नयाँपन र ममतापूर्वक ढङ्गले अध्यापन गराई उपलब्धिस्तर बृद्धि गर्नाका खाँतिर सुपरिवेक्षण र अनुगमन गर्नु पर्ने देखिन्छ ।

**कार्यान्वयन तहका निम्ति**

बालविकास केन्द्र एवम् विवद्यालयलाई गति र गुणस्तर दिनको लागि वि.व्या.स. ले अस्थायी शिक्षक नियुक्ति गर्दा विशेषज्ञहरूबाट छनोट गर्ने, भौतिक एवं शैक्षिक पक्षमा कमी कमजोरी हुन नदिनका लागि दीर्घकालीन योजना बनाउने, तत्कालीन अवस्थामा पाइपर्ने समस्या समाधान यथाशक्य छिटो गर्ने, माथिल्ला निकायहरूबाट पाउने सहयोग प्रति अग्रसरता देखाउनु पर्ने, योग्य शिक्षिकाको उचित मूल्याङ्कन गरी पुरस्कृत गर्ने, बालविकास केन्द्र/विद्यालय प्रति आम जनताको चासो बढाई सक्रिय सहभागिता बढाउँदै उपलब्ध स्रोत र साधनको अधिकतम रूपमा परिचालन गरी आत्मनिर्भर बनाउन पर्ने देखिन्छ । विद्यालय सञ्चालनको लागि प्र.अ. एक कूशल योजनाकार हुनु पर्ने भएकोले शिशु एवं नर्सरी कक्षाको लागि व्यवस्थापन, सञ्चालन, उपलब्धि मूल्यांकन बारे गहन जिम्मेवारी निर्वाह गर्नै पर्दछ ।

एक वर्षको लागि योजना गर्दा धान खेती गर्ने, दश वर्षको लागि योजना गर्ने भए रूख रोप्ने सय वर्षको लागि योजना गर्दा व्यवहारिक र वैज्ञानिक शिक्षा प्रदान गर्नुपर्दछ भन्ने भनाइले सावित गर्दछ कि बालबालिकाहरूको लागि योग्य नागरिक  बनाउन अवश्य रूपमा गहिरिएर दीर्घकालीन योजना बनाई शिशुहरूको चाहना अनुसार रुचिपूर्ण किसिमबाट अध्यापन गराउन शिक्षिकाहरूलाई उत्प्रेरणा जगाइ राख्नु पर्ने देखिन्छ । बालबालिकाहरूको लागि सिकाइ को

केन्द्रविन्दु नै शिक्षिका हुने भएकोले शिक्षिका उनीहरूको आकर्षकका रूपमा सधैं रहनुपर्दछ । शिक्षिका बालमनोविज्ञानमा पोख्त भई बालबालिकाहरूलाई उत्सुकता पैदा गर्ने, निरन्तर मूल्यांकन गर्ने, राम्रा बानी व्यवहारहरू वसाल्न क्रियाशील रहने , उनीहरूका अभिभावकहरूसँग बच्चाको बारेमा अन्तरक्रिया गर्ने र उनीहरूको उपलब्धिका लागि सधैं अग्रस्र रहनु पर्ने देखिन्छ ।

आफ्ना बालबालिकाहरूलाई घरमा पढ्ने, खेल्ने वातवरण वनाइदिने र समय समयमा बालविकास केन्द्र/विद्यालयमा गई आफ्ना बाबुनानीहरूको सिकाइ प्रतिको रुचि के कस्तो छ शिक्षकहरूसँग परामर्श गर्न पर्ने देखिन्छ । समुदायमा आधारित लालपर्सा बालविकास केन्द्र, ज्योतिर्मय बालविकास केन्द्र तथा सामूदायिक विद्यालयहरु मोहना मा.वि. र पञ्चकन्या उ.मा.वि.मा अभिभावकहरूको आर्थिक लगानी कम भएको र शिक्षाको पहुँच भन्दा बाहिर रहेको कारण बच्चाहरूको पढाइप्रति कम र बालविकासकेन्द्र विद्यालयमा गई बच्चाको वारेमा अन्तरक्रिया गर्ने काम निकै कम देखिएकोले यसप्रति अभिभावकहरू आफ्ना बाबुनानीहरू प्रति सचेत भई घरयासी वातावरणमा सुधार गरी सहभागिता निरन्तर हुनु पर्ने देखिन्छ ।

**अनुसन्धान तहका निम्ति सिफारिस**

यस्तै प्रकारका थप अध्ययनका लागि भावि पिढिहरूले निम्न शीर्षकहरूमा रहेर गर्नु पर्ने कुराको सिफारिस गर्न सकिन्छ :

क) पूर्व प्राथमिक तहमा मूर्त वा ठोस् वस्तुको प्रयोग र सिकाइ,

ख) समुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धि स्तर तुलनात्मक अध्ययन,

ग) शैक्षिक उपलब्धि स्तर र शैक्षिक सामग्रीबीचको अन्तर सम्बन्ध,

घ) पूर्व प्राथमिक विद्यालयमा गरिने शैक्षिक लगानी ।

## सन्दर्भग्रन्थहरू


**कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर** (२०५९) शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार, **भोटाहिटी काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।**

**कोइराला, विद्यानाथ** ( २०६७), शिक्षक मासिक पत्रिका, **पाटन ढोका ललितपुर ।**

**खनाल, पेशल** (२०६०), शैक्षिक अनुसन्धान पद्धति, **कीर्तिपुर काठमाण्डौ : क्षितिज प्रकाशन ।**

**काफ्ले, वाशुदेव र अन्य** (२०६१), शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा, **कमलपोखरी काठमाण्डौं : विद्यार्थी प्रकाशन प्रा.लि.।**

**खनाल, केदारनाथ** (२०५०), स्मारिका, चितवन महोत्सव, नारायणगढ, **चितवन महोत्सव आयोजक समिति ।**

**श्रीवास्तव, जे.पी.** ( २०६७), शिक्षक मासिक पत्रिका, **पाटन ढोका ललितपुर ।**

**तिवारी, डिल्लीप्रसाद** (२०६५), शैक्षिक सामग्रीको प्रयोगले सिकाइ उपलब्धीमा पार्ने प्रभाव, **अप्रकाशीत स्नातकोत्तर शोधपत्र, त्रि.वि सप्तगण्डकी वहुमुखी क्याम्पस चितवन ।**

**पौडेल, लेखनाथ** ( २०५०), शिक्षण सिद्धान्त एवम् शिक्षण पद्धति, **भोटाहिटी काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।**

**मन्टेसरी, मारिया** (२०४६), बच्चाको विकासको विधि, **काठमाण्डौं : जोसेफन तथा भुवनलाल प्रधान, पिल्ग्रस बुक हाउस ।**

**हाडा, भुपेन्द्र** (२०६०), शिक्षाण सिकाइप्रभावकारी वनाउनमा शैक्षणिक सामग्री तथा तालिमको उपादेयता, **विकासका निम्ति शिक्षा किर्तिपुर, काठमाण्डौ ।**

**मुडवरी, नवराज र खनाल, श्री प्रसाद** (२०५८), शैक्षिक अनुसन्धान पद्धतिको परिचय, **किर्तिपुर काठमाण्डौ : क्षितिज प्रकाशन ।**

**वाग्ले, मनप्रसाद र ढकाल माधवप्रसाद** (२०५४), प्राथमिक शिक्षा, **विद्यार्थी पुस्तक भण्डार ।**

**शर्मा, कुवेरनाथ** (२०६५), शिक्षणशास्त्र, **काठमाण्डौं : रत्न पुस्तक भण्डार ।**

**शर्मा, चिरञ्जिवी र शर्मा, निर्मला** (२०६१), शिक्षण विधि, **भोटाहिटी काठमाण्डौ ।**

शिक्षा नियमावली (**२०५९ तेस्रो संशोधन २०६२ सहित** ) **काठमाण्डौ : शिक्षा विभाग ।**

शिक्षा विकास तथा अनुसन्धान केन्द्र (**२०६६**) **त्रिपुरेश्वर काठमाण्डौ : विकसका निम्ति शिक्षा ।**

शैक्षिक दर्पण (**२०६६**), **जिल्ला शिक्षा कार्यालय चितवन ।**

शैक्षिक **समाचार (२६६/०६७) जिल्ला शिक्षा कार्यालय चितवनको समाचार वुलेटिन ।**

**सापकोटा, रमाकान्त** (२०५९), प्रारम्भिक वाल शिक्षण विधि, **अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र केन्द्रिय विभाग त्रि.वि. कीर्तिपुर काठमाण्डौ ।**

**सेरिड** (२००९), पूर्ववाल्यावस्थाको विकास सम्बन्धी जर्नल चौथो भाग, **कीर्तिपुर काठमाण्डौ ।**

**हर्लक, एलिजावेथ वी**. (१९९२), वालवृद्धि र विकास पाँचौ संस्करण, **कीर्तिपुर काठमाण्डौ ।**

**हाडा, भुपेन्द्र** (२०६०), विकासका निम्ति शिक्षा, **कीर्तिपुर काठमाण्डौ ।**

पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभावकारिता

अनुसूची १

अभिभावकका लागि अन्तरवार्ता प्रश्नावली

नामः लिङ्गः

ठेगानाः पेशा :

शैक्षिक योग्यता :

1. तपाईंका बच्चा बच्ची कति छन् ?

......................................................................................................................

2. कुन कुन तहमा अध्ययन गर्दछन् ?

......................................................................................................................

3. बच्चा बच्चीको पढाईप्रति सन्तुष्ट हुनुहुन्छ ?

......................................................................................................................

4. घरमा कत्तिको काम लगाउनु हुन्छ ?

......................................................................................................................

5. यो भन्दा राम्रो स्तरको पढाईको अपेक्षा गर्नु भएको छ ?

......................................................................................................................

6. कसरी सम्भवहोला ?

......................................................................................................................

7. किताब, कलम, कापी, झोला, ड्रेस सम्पूर्ण प्रयाप्त मात्रामा दिनु भएको छ ?

......................................................................................................................

8. बच्चाबच्चीलाई भविष्यमा के बनाउने प्रयासमा हुनुहुन्छ ?

......................................................................................................................

9. खेलकूदका सामग्रीहरू कत्तिको व्यवस्था गरिदिनुहुन्छ ?

......................................................................................................................

10. खेल्न र पठनमा बच्चा के गर्न मनपराउँछ ?

.......................................................................................................................

....

11. विद्यालयमा महिनामा कति पटक पुग्नु हुन्छ ?

.......................................................................................................................

....

12. विद्यालयका अतिरिक्त क्रियाकलापमा सहभागिता कत्तिको देखाउनु हुन्छ ?

.......................................................................................................................

....

13. सहयोगी शिक्षिकासँग केही सहयोग लिने गर्नु भएको छ ?

.......................................................................................................................

.

## पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभावकारिता

## अनुसूची २

## शिशु शिक्षिकाका लागि अन्तरवार्ता प्रश्नावली

नाम: ठेगाना:

विद्यालय : शिक्षण अनुभव :

शैक्षिक योग्यता :

1. **शैक्षिक सामग्रीको महत्व कत्तिको देख्नु हुन्छ ?**

........................................................................................................................
....

2. **शैक्षिक सामग्रीको निर्माण र प्रयोग कत्तिको मात्रा गर्नु हुन्छ ? आफू सन्तुष्ट हुनुहुन्छ ?**

........................................................................................................................
....

3. **पूर्व प्राथमिक विद्यालयको शिक्षिकामा कहिले देखि नियुक्त हुनुभयो? के यो पेशाबाट सन्तुष्ट हुनुहुन्छ ?**

........................................................................................................................
....

4. **कक्षामा शैक्षिक सामग्रीको प्रयोगमा के कस्ता कठिनाइहरू भेट्नुहुन्छ ?**

........................................................................................................................
....

5. **शैक्षिक सामग्रीको निर्माण र प्रयोगले शैक्षिक उपलब्धीमा कस्तो प्रभाव पार्दछ ?**

........................................................................................................................
....

6. **के प्रभाव संधै सकरात्मक मात्रै हुन्छ ?**

........................................................................................................................
....

7. **शैक्षिक सामग्रीको प्रयोग वृद्धि गर्ने उपाय के के छन् ?**

........................................................................................................................
....

8. **सबै सामग्रीको प्रयोग एकै किसिमले गर्दा कस्तो नतिजा आउँछ ?**

........................................................................................................................
....

9. **शैक्षिक सामग्री निर्माण र प्रयोगमा विद्यालय प्रशासनले कत्तिको सहयोग गरेको छ ?**

........................................................................................................................
....

10. सहयोग प्रयाप्त छ ?

....................................................................................................................
....

11. शैक्षिक उपलब्धी बढाउन शैक्षिक सामग्रीको प्रयोग विना सम्भव छ वा छैन ?

....................................................................................................................
....

12. शैक्षिक सामग्री निर्माणमा अरूको मात्र निर्भर हुनुहुन्छ ? आँफै निर्माण गर्न सम्भव छ या छैन ?

....................................................................................................................
....

पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभावकारिता

अनुसूची ३

प्रधानाध्यापकका निम्ति अन्तरवार्ता प्रश्नावली

नाम :                                  अनुभव :

योग्यता :                              प्रशासनिक अनुभवः

1. **पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रयोगको समस्या के देख्नु हुन्छ ?**

........................................................................................................................

....

2. **के शैक्षिक सामग्रीको प्रयोग सहज छ ? किन ?**

........................................................................................................................

....

3. **शैक्षिक सामग्रीको प्रयोगगर्दा र नगर्दाको नतिजाको तुलना गर्नु भएको छ ?**

........................................................................................................................

....

4. **सिकाइउपलब्धीमा सकरात्मक प्रभाव वृद्धि गर्न तथा गराउन शैक्षिक सामग्री निर्माणको कुनै योजना निर्माण गर्नु भएको छ ?**

........................................................................................................................

....

5. **बढी भन्दा बढी शैक्षिक सामग्री निर्माण र प्रयोगको वृद्धि गर्न के गर्नु पर्ला ?**

........................................................................................................................

....

6. **शिक्षक र विद्यालय व्यवस्थापन समितिद्वारा शैक्षिक सामग्री निर्माण र प्रयोगमा कत्तिको सहयोग गरेको अनुभव गर्नु भएको छ ?**

........................................................................................................................

....

7. **उक्त सहयोग पर्याप्त छ ? कसरी ?**

........................................................................................................................

....

8. **शैक्षिक सामग्रीको प्रयोगलाई शैक्षिक उपलब्धीसँग तुलना गर्नु भएको छ ? कस्तो नतिजा प्राप्त भयो ?**

........................................................................................................
....

9. **शैक्षिक सामग्रीको प्रयोग बढाउन के गर्न सकिन्छ ?**

........................................................................................................
....

10. **शैक्षिक सामग्री सम्बन्धी कुनै थप अनुभव प्राप्त गर्नु भएको छ ?**

........................................................................................................
....

## पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभावकारिता

## अनुसूची ४

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षका निम्ति अन्तरवार्ता प्रश्नावली

नाम : पेशा :

ठेगाना : अनुभव :

शैक्षिक योग्यता :

1. **शैक्षिक सामग्री र शैक्षिक उपलब्धी बीचमा के सम्बन्ध छ ?**

........................................................................................................
....

2. **पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा के के समस्याहरू छन् ? समाधानका उपाय के के हुनसक्छन् ?**

........................................................................................................
....

3. **शैक्षिक सामग्रीको निर्माण र प्रयोगले शैक्षिक उपलब्धीमा पार्ने प्रभाव कस्तो होला ?**

........................................................................................................

4. **शैक्षिक सामग्री निर्माण र प्रयोग सम्बन्धी कार्यमा विद्यालय प्रशासन र शिक्षकहरूसँग कत्तिको सहकार्य गर्नुहुन्छ ?**

........................................................................................................
....

5. **सहकार्य पूर्ण छ ? अपूर्ण भएको खण्डमा पूर्ण बनाउन के के गर्नुपर्ला ?**

........................................................................................................
....

6. **शिशु शिक्षिकाको कक्षा अवलोकन गर्नु भएको छ ? महिनामा कति पटक ?**

........................................................................................................
....

7. **शैक्षिक सामग्री निर्माण र प्रयोगमा उनीहरूलाई कत्तिको सहयोग गर्नु भएको छ ?**

........................................................................................................
....

8. **के त्यो सहयोग प्रयाप्त छ ?**

........................................................................................................
....

9. **विद्यालय प्रशासन र शिक्षकबाट कस्तो सहयोगको अपेक्षा राख्नु भएको छ ?**

........................................................................................................
....

10. **भावी योजना के के छन् ?**

........................................................................................................
....

पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभावकारिता

अनुसूची ७

छनौट गरिएका विद्यालय तथा बालविकास केन्द्रहरू

| क.सं. | विद्यालयको नाम | विद्यालयको ठेगाना | विद्यालयको किसिम | कैफियत |
|---|---|---|---|---|
| 1 | लालपर्सा बालविकास केन्द्र | र.न.पा. ६, लालपर्सा, चितवन | समुदायमा आधारित | |
| 2 | ज्योतिर्मय बालविकास केन्द्र | र.न.पा.७, शिशै, चितवन | समुदायमा आधारित | |
| 3 | मोहना मा.वि. | र.न.पा. ६, मोहना, चितवन | समुदायिक विद्यालय | |
| 4 | पञ्चकन्या उ.मा.वि. | र.न.पा. १३, जयमंगला, चितवन | समुदायिक विद्यालय | |
| 5 | एकता शिशु निकेतन | र.न.पा.२, पर्सौनी, चितवन | संस्थागत विद्यालय | |
| 6 | शिक्षा विकास उ.मा.वि. | र.न.पा. १३, जयमंगला, चितवन | संस्थागत विद्यालय | |

## अनुसूची ८

### छनौट गरिएका शिक्षक र बालबालिकाहरूको विवरण

| क.सं | विद्यालयको नाम | शैक्षिक सत्र | शिक्षिक संख्या | योग्यता | अनुभव वर्ष | विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | लालपर्सा बालविकास केन्द्र | 2065 | 1 | SLC | 7 | 15 | |
| | | 2066 | 1 | SLC | 7 | 20 | |
| २ | ज्योतिर्मय बालविकास केन्द्र | 2065 | 1 | I.A. | 8 | 23 | |
| | | 2066 | 1 | I.A. | 8 | 25 | |
| ३ | मोहना मा.वि. | 2065 | 1 | SLC | 11 | 30 | |
| | | 2066 | 1 | SLC | 11 | 23 | |
| ४ | पञ्चकन्या उ.मा.वि. | 2065 | 2 | SLC/ I.Ed. | 10/8 | 50 | |
| | | 2066 | 2 | SLC/ I.Ed. | 10/8 | 48 | |
| ५ | एकता शिशु निकेतन | 2065 | 2 | SLC/ I.Ed. | 7/4 | 48 | |
| | | 2066 | 2 | SLC/ I.Ed. | 7/4 | 52 | |
| ६ | शिक्षा विकास उ.मा.वि. | 2065 | 2 | SLC/ I.Ed. | 7/5 | 45 | |
| | | 2066 | 2 | SLC/ I.Ed. | 7/5 | 44 | |

पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभावकारिता

अनुसूची ५

शिक्षिकाका लागि अन्तरवार्ता प्रश्नावली

1. तपाईंले पढाउने शिशु कक्षामा कति जना बालबालिकाहरू छन् ?
2. बच्चाहरु प्रायः कुन कुन समुदायबाट आउँछन् ?
3. तपाईंले शिक्षण पेशा अगाल्नुभएको कति वर्ष भयो ?
4. शैक्षिक सामग्रीको प्रयोग कत्तिको मात्रामा गर्नुहुन्छ ?
5. बच्चाहरु खेलमा कत्तिको रमाउँछन् ?
6. मुख्यतः कुन कुन खेलहरु खेलाउनु हुन्छ ?
7. के उनीहरुको रुचिअनुसार खेलाउनु भएको छ?
8. खेल्नका लागि उपयुक्त खेल मैदानको व्यवस्था छ ?
9. बच्चाहरुलाई खाजाको व्यवस्था छ कि छैन ?
10. बच्चाहरुलाई अभिभावकहरुले ल्याउने पऱ्याउने गर्दछन् वा गर्दैनन् ?
11. अभिभावकहरुबाट सहयोग सुझाव कत्तिको पाउनु भएको छ ?
12. शैक्षिक सामग्री निर्माण गर्ने तालिम लिनु भएको छ?
13. तपाईंले पढाउने कोठा शैक्षिक सामग्रीहरुले सजाएर राख्नु भएको छ ?
14. थप शैक्षिक सामग्री व्यवस्थाको लागि कुनै पहल गर्नुभएको छ वा छैन ?
15. शैक्षिक सामग्री भण्डारणको लागि व्यवस्था कस्तो छ ?

# अनुसूची ६

## अवलोकन फारम रुजुसूची

विद्यालयको नाम : ..........................        ठेगाना :....................

| क.सं. | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| 1 | आवश्यक शिक्षिका संख्या | | | |
| 2 | शिक्षिकाको उपस्थिति दर (८० प्रतिशत भन्दा माथि ) | | | |
| 3 | शिक्षिकाको समय पालना | | | |
| 4 | अध्यापन विवरण खुलेको लगबुक | | | |
| 5 | आवश्यक मात्रमा खेलकुदका सामग्रीहरू/ खेलौनाहरु ( पिङ्ग, डोरी, चाकाचुली, चिप्लेटी, लुडो, रिङ्ग गुडिया, कपडाका आयतकार, बेल्नाकार वर्ग तथा त्रिभुज, जनावर र चराहरुको डोमिनो कार्ड ) | | | |
| 6 | आवश्यक मात्रमा सरसफाइका सामग्रीहरू ( साबुन, रुपमा, ऐना, काईंयो, नङ्कट) | | | |
| 7 | मुद्रित सामग्रीहरू ( पुस्तक पत्रिका, शिक्षक निर्देशिका) | | | |
| 8 | दृश्य सामग्रीहरु ( नक्सा, ग्लोब, चार्टहरु, चित्र, ग्राफ ) | | | |
| 9 | दृश्य सामग्रीहरू ( रेडियो, टेपरेकर्डर) | | | |
| 10 | श्रब्य + दृश्य ( नाटक, सिनेमा, भिडियो, टि.भि.) | | | |